# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक १२ | काठमाडौं | शनिबार, २२ वैशाख २०८१ | Prabhab National Daily | Saturday, May 04, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


## 'विपद् व्यवस्थापनमा स्थानीय तहलाई सशक्त बनाऔं'

विपद् व्यवस्थापनमा तल्लो तहको व्यवस्थापनमा लानुपर्छ । सानो कुरा परिवर्तन गर्‍यो भने पनि यसले ठूलो प्रभाव पार्छ । विपद् व्यवस्थापनलाई संघीय ढाँचामा लानुपर्छ ।

■ **सोनामगेल्जेन शेर्पा**
सभापति, राष्ट्रिय सरोकार समिति

विपद्को दृष्टिकोणले एकदमै जोखिमयुक्त देश हो, नेपाल । विपद् जोखिमको हिसाबले २० औं जोखिमयुक्त देशमा पर्दछ । आगलागी, चट्याङ, बाढी, भूकम्पजस्ता विपदले हामी आक्रान्त छौं ।

■ **एकनारायण अर्याल**
सचिव, गृह मन्त्रालय

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** राष्ट्रिय सभा सदस्यहरूले विपद् व्यवस्थापनमा स्थानीय तहलाई सशक्त बनाउनुपर्नेमा जोड दिएका छन् । देशभर डढेलो, आगलागी तथा विभिन्न विपद्का घटना बढिरहेको सन्दर्भमा उनीहरूले यो विषय उठाएका हुन् । शुक्रबार राष्ट्रिय सभाअन्तर्गतको संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको बैठकमा सहभागी सांसदहरूले स्थानीय तहलाई सशक्त बनाए मात्र विपद् व्यवस्थापनमा सहजता आउने धारणा राखे ।

समितिका सभापति सोनामगेल्जेन शेर्पाले विपद् व्यवस्थापनलाई संघीय ढाँचामा लैजानुपर्नेमा जोड दिए । 'हाम्रो कानुनी व्यवस्था अलि जटिल छ । हामी हचुवा तालले कानुन बनाउँछौं त्यसको कार्यान्वयन हुँदैन । विपद् व्यवस्थापनमा तल्लो तहको व्यवस्थापनमा लानुपर्छ,' उनले भने, 'सानो कुरा गर्‍यो भने पनि यसले ठूलो प्रभाव पार्छ । विपद् व्यवस्थापनमा सुरक्षा निकायलाई तालिम दिनुपर्छ । विपद् व्यवस्थापनलाई संघीय ढाँचामा लानुपर्छ । विपद् व्यवस्थापनमा स्थानीय तहलाई सशक्त बनाउनुपर्छ ।'

सांसद उदयबहादुर बोहोराले तल्लो तहदेखि नै क्षमता विकासमा ध्यान दिइयो भने विपद् व्यवस्थापनमा सुधार गर्न सकिने बताए । सांसद दुर्गा गुरुङले विपद्को बेला सरकार जनताको असल साथी बन्नुपर्नेमा जोड दिइन् । सांसद गोपीबहादुर सार्की आछामीले जोखियमुक्त ठाउँ पहिचान गरेर त्यस्तो खालका घरबासको व्यवस्था गर्न सकियो भने विपद् व्यवस्थापनमा न्यूनीकरण गर्न सकिने बताए । गृहसचिव एकनारायण अर्यालले नेपाल विपद्को दृष्टिकोणले एकदमै जोखिमयुक्त देश रहेको बताए ।

(क्रमशः पृष्ठ २ मा)

# बजेट अधिवेशनमा आक्रामक बन्दै कांग्रेस

सहकारी प्रकरणमा कांग्रेसको माग यथावत् छ । पछिल्लो समय सरकार अध्यादेश ल्याउन उद्दत छ । हामी यसको विरोधमा छौं ।

■ **रमेश लेखक**
प्रमुख सचेतक, कांग्रेस

- सहकारी प्रकरण देखाउँदै कांग्रेस बजेट अधिवेशनमा आक्रामक बन्ने तयारीमा
- संसदीय छानबिन समितिको अडानमा झनै कठोर बन्ने संकेत
- सभापति शेरबहादुर देउवा भने गृहमन्त्री लामिछानेप्रति नरम नीति अपनाउँदै


फाइल तस्बिर

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** संघीय संसद्को आगामी बजेट अधिवेशनमा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस आक्रामक भएर प्रस्तुत हुने तयारीमा लागेको छ । सरकारले यही वैशाख २८ गतेका लागि संघीय संसद्को संयुक्त अधिवेशन बोलाइसकेको अवस्थामा कांग्रेस अधिवेशन अवरुद्ध पार्ने तयारीमा लागेको हो ।

सहकारी प्रकरणमा उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेलाई कारबाहीको माग गर्दै कांग्रेस सदन अवरोधको तयारीमा देखिन्छ । गृहमन्त्रीको राजीनामा र सहकारीमा उनको संलग्नताबारे छानबिन गर्न संसदीय छानबिन समिति मागेर कांग्रेसले हिउँदे अधिवेशनमा अवरोध गरेको थियो । लगातारको अवरोधपछि सरकारले वैशाख २ गते हिउँदे अधिवेशन अन्त्य गरेको थियो ।

कांग्रेसले फागुन २४ गतेदेखि सहकारी ठगी प्रकरणमा लामिछानेमाथि लगातार प्रश्न उठाउँदै आएको छ । फागुन ३० मा प्रधानमन्त्री पुष्पकमल दाहालले विश्वासको मत लिँदा पनि कांग्रेसले गृहमन्त्रीमाथि प्रश्न उठाएको थियो । बैठकको आरम्भमा कांग्रेस संसदीय दलकी सचेतक सुशीला थिङले गृहमन्त्रीको राजीनामा माग गरेकी थिइन् ।

त्यसयता लगातार सहकारी ठगीमा मुछिएका लामिछानेमाथि नैतिक प्रश्न उठाउँदै संसदीय छानबिन समितिको माग जारी राखेको छ । चैत १ मा कांग्रेस सहमहामन्त्री बद्री पाण्डे, चैत २ मा सांसद प्रदीप पौडेल, चैत ३ मा महामन्त्री गगन थापा र चैत ६ मा सांसद दीपक गिरीले लामिछानेबारे प्रधानमन्त्रीको जवाफ मागेका थिए ।

चैत २ को बैठकमा सभामुख देवराज घिमिरेले गृहमन्त्री लामिछानेलाई 'राजनीतिक दलसम्बन्धी (दोस्रो संशोधन) विधेयक, २०८० माथि विचार गरियोस्' भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिँदा कांग्रेसले बेल घेराउ गरेको थियो । चैत ६ मा प्रधानमन्त्री दाहालले गृहमन्त्री लामिछानेमाथि सहकारी ठगीमा छानबिन आवश्यक नभएको जवाफ दिएपछि कांग्रेस थप आक्रोशित बनेको हो ।

सोही दिन प्रधानमन्त्रीको जवाफमाथि प्रमुख सचेतक लेखकले प्रतिप्रश्न गरेका थिए । चैत ७ मा सांसद ईश्वरी न्यौपानेले संसदीय छानबिन समिति गठनको मागलाई थप बुलन्द गरेकी थिइन् । त्यसपछि चैत १८ मा बसेको बैठकमा सांसद सन्जय गौतम, १९ मा प्रतिमा गौतम, २० मा रामकृष्ण यादव र २१ मा महामन्त्री विश्वप्रकाश शर्माले सहकारी प्रकरणमा लामिछानेमाथि छानबिन गर्न संसदीय समिति गठनको औचित्य पुष्टि गर्ने प्रयास गरे ।

(क्रमशः पृष्ठ २ मा)

## देउवा रविसँग नरम



सदनमा कांग्रेस जति नै गरम देखिए पनि कांग्रेस सभापति शेरबहादुर देउवा भने गृहमन्त्री लामिछानेसँग नरम रहेको बताइएको छ । प्रधानमन्त्री दाहाललाई सत्ताच्युत गराउन भए पनि लामिछानेलाई सुरक्षित राख्ने रणनीति देउवाको रहेको कांग्रेस स्रोतले जनायो ।

सदनमा अस्वीकार गरिएका लामिछानेलाई कांग्रेसकै सभापति रहेको संसदीय समितिमा डाकेर देउवाले यसबारे छनक दिएका छन् । चैत १४ गते कांग्रेस सांसद रामहरि खतिवडा सभापति रहेको राज्य व्यवस्था तथा सुशासन समितिले गृहमन्त्री लामिछानेलाई छलफलमा डाकेका थिए । बैठकमा कांग्रेस सांसदहरू गृहमन्त्रीप्रति सदनमा भन्दा तुलनात्मक रूपमा नरम देखिएका थिए ।

सदनमा अस्वीकृत गृहमन्त्रीलाई समितिमा बोलाएको भन्दै त्यतिबेला सभापति खतिवडाको आलोचनासमेत भएको थियो । पार्टी सभापति देउवाकै निर्देशनमा लामिछानेप्रति नरम बन्न खतिवडाले उक्त चाल चालेको बताइएको छ । २१ सिट रहेको लामिछानेको राष्ट्रिय स्वतन्त्र पार्टीले दाहालको साथ छाडेमा कांग्रेसलाई नयाँ सरकार बनाउन सहज हुने देउवाको बुझाइ छ । देउवा जसरी पनि दाहाल सरकार ढलाउने नीतिमा छन् । अहिले कांग्रेससँग ८८ सांसद छन् । रास्वपाले कांग्रेसलाई साथ दिए राप्रपासहित कम्युनिस्टरहित सरकार बनाउने खेलोफड्कोमा देउवा लागेको बताइएको छ ।




# एक लाख बीमितको कार्ड जारी गर्दै काठमाडौं महानगर

**काठमाडौं–** काठमाडौं महानगरपालिकाले आगामी जेठ १ गतेदेखि एक लाख बीमितको कार्ड जारी गर्ने भएको छ । कामपाभित्र स्वास्थ्य बिमा गराएका एक लाख बीमितको कार्ड जारी गर्न लागिएको जनाइएको छ । महानगरका अनुसार सबैभन्दा धेरै बीमित वडा नं १५ मा छन् ।

कार्ड जारी भएसँगै बीमितले पाउने स्वास्थ्य उपचार सेवा सुरु हुने स्वास्थ्य बिमा कार्यक्रमका स्थानीय स्रोत व्यक्ति कमलप्रसाद भट्टराईले जानकारी दिए । उनका अनुसार अहिले वडा नं ८ को रामघाट प्राथमिक स्वास्थ्य केन्द्र, वडा नं २६ लैनचौर, वडा नं १४ कलंकी, वडा नं १९ कंकेश्वरी र वडा नं ३० ज्ञानेश्वरका स्वास्थ्य प्रवर्द्धन केन्द्र बिमा बोर्डमा सूचीकृत छन् ।

बीमितले छ्यानेका यी केन्द्र सुरुआती सम्पर्क बिन्दु हुन् । उक्त केन्द्रबाट स्वास्थ्य उपचार सेवा प्रदान गरिन्छ । यी केन्द्रमा उपचार नहुने जटिल प्रकारका रोगको उपचारका लागि सूचीकृत अस्पतालमा पठाइने स्थानीय स्रोत व्यक्ति भट्टराईले जानकारी दिए । यसरी प्रदान गरिने उपचार सेवा अनलाइन प्रणालीमा आधारित हुने छन् । बिमा बोर्डले आफूले रकम भुक्तानी गर्नुपर्ने बिरामीको स्वास्थ्य उपचार र अवस्थाबारे अनलाइन प्रणालीबाट सूचना तथा विवरण थाहा पाउने छ ।

यस कार्यक्रममा बिमा गरेको प्रति पाँचजना परिवारलाई एउटा एकाइ मानेर एक वर्षमा एक लाख रूपैयाँ बराबरको निःशुल्क उपचार सेवा प्राप्त हुने छ । सो बराबरको रकम बिमा बोर्डले कामपाअन्तर्गत रहेका प्रवर्द्धन केन्द्रलाई शोधभर्ना गर्ने छ । कामपाले प्रमुख बालेन्द्र साहको अध्यक्षतामा सात सदस्यीय स्थानीय तह स्वास्थ्य बिमा संयोजन समिति गठन गरेको छ ।

समितिले स्वास्थ्य संस्थाहरूमा उपकरण, प्रयोगशालाको सेवामा निरन्तता, स्तरोन्नति र पूर्वाधार अभिवृद्धिमा सहयोग, स्वास्थ्य सेवा प्रदायक संस्थामा सेवाको गुणस्तर वृद्धि गर्ने, गराउने, कार्यक्रम बिस्तार गर्न प्रवर्द्धनात्मक कार्यमा सहयोग काम गर्ने संयोजन समितिको काम हो । समितिले, सरकारी, सार्वजनिक संस्थाका कर्मचारी र परिवारलाई स्वास्थ्य बिमाको दायरामा ल्याउन नियमावलीले तोकेबमोजिम प्रिमियमको व्यवस्था गरेर कार्यक्रममा आबद्ध गर्ने छ ।

त्यस्तै अतिगरिब परिवारलाई कार्यक्रममा आबद्ध गर्न पालिका र बोर्डबीच समझदारी गर्ने छ । नसर्ने रोगका लागि कार्यक्रमले दिँदै आएको सुविधा उपलब्ध गराउन वा वृद्धि गर्न बोर्डसँग साझेदारी गर्ने छ । कामपाले बीमितको कार्ड हरेक तीन महिनामा जारी गर्ने जनाएको छ ।

सूचीकृत भएकाबाहेक अन्य सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रहरूको पूर्वाधार निर्माण (प्रयोगशाला, औषधिलगायत), जनशक्ति व्यवस्थापन, स्वास्थ्य उपकरणको प्राप्तिका काम भइरहेको कामपाको भनाइ छ । सेवा सञ्चालनका लागि स्वास्थ्य बिमा ऐन, २०७४, स्वास्थ्य बिमा नियमावली, २०७५ र स्थानीय तह स्वास्थ्य बिमा संयोजन समिति गठन तथा सञ्चालन कार्यविधि, २०७८ ले मापदण्ड तोकेको छ । *रासस*

## पृष्ठ १ बाट क्रमश:

### बजेट अधिवेशनमा ...

चैत २१ मा महामन्त्री शर्माले संसदीय छानबिन समितिको माग वैकल्पिक नभएको भन्दै लामिछानेमाथि नरम ढंगले निर्मम प्रश्न उठाएका थिए । चैत २७ मा संसदीय दलको बैठकबाट कांग्रेसले सहकारी ठगीमा लामिछानेमाथि संसदीय छानबिन समिति गठनको संस्थागत निर्णय लिएको थियो । कांग्रेस संस्थागत रूपमै संसदीय छानबिन समिति गठनको पक्षमा उभिएपछि वैशाख २ मा सरकार संसद् अधिवेशन अन्त्य गर्न बाध्य भएको थियो ।

वैशाख ३ मा गृहमन्त्री लामिछानेलाई अभियोजन गरी प्रहरीले बुटवलको सुप्रिम सहकारी ठगीसम्बन्धी मुद्दा सरकारी वकिलको कार्यालयमा बुझाएपछि परिस्थिति फेरिएको छ । यद्यपि प्रहरीको अनुसन्धानमा लामिछानेको नाम सहकारीको रकम अपलनमा देखिए पनि प्रतिवादी बनाइएको छैन ।

फागुन २१ गते एमाले, माओवादी केन्द्र, रास्वपासहितको नयाँ गठबन्धन बनेपछि रास्वपाका नेताहरूभन्दा पनि अघि बढेर एमालेका नेताहरूले लामिछानेको बचाउ गर्दै आएका थिए । तर, बुटवलको सुप्रिम सहकारी ठगीसम्बन्धी मुद्दाको आरोपपत्रमा लामिछानेले २ करोड ऋण लिएको तथ्य–प्रमाण देखिएपछि सत्ता गठबन्धनमा पनि अलमल देखिन्छ । सत्ता साझेदार जनता समाजवादी पार्टी र एकीकृत समाजवादी भने लामिछानेमाथि छानबिनका लागि संसदीय समिति बनाउनुपर्ने पक्षमा छन् ।

कांग्रेसका मागमा कुनै सुनुवाइ नभएको बरू सरकार तानाशाही पारामा प्रस्तुत भएकाले आफूहरूको माग यथावत् रहेको कांग्रेस संसदीय दलका प्रमुख सचेतक रमेश लेखकले बताए । 'सहकारी प्रकरणमा कांग्रेसको माग यथावत् छ । पछिल्लो समय सरकार अध्यादेश ल्याउन उद्दत छ । हामी यसको विरोधमा छौं,' लेखकले भने ।

कांग्रेस नेता डा. शेखर कोइरालाले यो विषयमा कांग्रेस कठोर हुने संकेत गरे । 'सहकारी ठगीमा गृहमन्त्रीको संलग्नता रहेको पर्याप्त प्रमाण छ । संसदीय छानबिन समिति बनाउन डराउनुले पनि थप प्रस्ट पारेको छ,' कोइरालाले भने । संसदीय छानबिन समिति गठन नभई संसद् नचल्ने उनको दाबी छ ।

सहकारीका विषयमा सामान्य हिसाबले समाधान नहुने उल्लेख गर्दै कानुनमन्त्री पदम गिरीले यसबारे सरकारले विशेष सम्बोधन गर्ने बताए । उनले यसबारे कांग्रेससँग संवाद जारी रहेको उल्लेख गरे ।

■■■

### विपद् व्यवस्थापनमा...

'भूकम्पीय दृष्टिकोणले ११औं, जलवायु परिवर्तनको जोखिमको हिसाबले ४औं, जल उत्पन्न प्रकोपको हिसाबले ३१औं र विपद् जोखिमको हिसाबले २०औं जोखिमयुक्त देशमा नेपाल पर्दछ,' उनले भने, 'आगलागी, चटयाङ, बाढी, भूकम्पजस्ता विपदले हामी आक्रान्त छौं । सडक दुर्घटना ७.८ प्रतिशतले वार्षिक वृद्धि भइरहेको छ । दुर्घटनाबाटै प्रतिदिन सात जनाको मृत्यु भइरहेको छ ।' प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपले कूल गार्हस्थ उत्पादनमा ह्रास आएको गृहसचिव अर्यालले बताए । विकास निर्माणमा भन्दा राहत र उद्धारमै बढी खर्च भइरहेको उनले उल्लेख गरे ।

'डढेलो तथा आगलागीले धेरै क्षति भएको छ । तत्काल विवरण लिएर क्षति भएकालाई तत्कालै १५-२० हजार रूपैयाँ उपलब्ध गराउने काम भइ नै रहेको छ,' उनले भने, 'अस्थायी बासस्थान निर्माणका लागि कार्यविधि र नियमावली संशोधन गरेर ५० हजारसम्म दिने भन्नेबारेमा छलफल भइरहेको छ ।' उनले विपद् व्यवस्थापनमा चुनौती रहेको औंल्याए । 'विपद व्यवस्थापनमा सबैको धारणामा एकरूपता छैन । समन्वय नमिल्दा अप्ठ्यारो पनि भएको छ,' अर्यालले थपे ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले बाढीपहिरो, आगलागी, डढेलोलगायत प्राकृतिक प्रकोपका सूचना प्रवाह गर्नका लागि रेडियो, टिभी, सामाजिक सञ्जालबाट स्थानीय भाषामा सूचना प्रवाह गर्दै आइरहेको जानकारी दिए ।

उनले भने, 'हटस्पट सेन्टरमा गएर हामीले तालिम पनि दिएका छौं । विपद् संवाद पनि गरिरहेका छौं । पोर्टेबल फायर पम्पहरू हरेक वडा वडाले किन्न सक्छन् त्यो त्यति महँगो पनि हुँदैन । यसले आगलागीका घटनामा न्यूनीकरण ल्याउन सक्छ । दमकल किनिएका छन् तर त्यसको मर्मत सम्भारमा ध्यान दिइँदैन ।'

### लिक्वीडेटर कार्यालयमको हकदाबी सम्बन्धी ३५ दिने सूचना

नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७०/१०/१९ मा दर्ता भएको र.नं. ११९१६३/०७०/०७१ को **टप नेपाल एड प्रा. लि.** को मिति २०८१/०१/२१ को विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६(१) बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ । साथै सो अवधि भित्र कुनै दावी पर्न नआएमा वा उक्त आवधि पश्चात कुनै दावि पर्न आएमा सो माथि कुनै कारवाही नहुने व्यहोरा पनि यसै सुचनाद्धारा सुचित गरिन्छ ।

**दामासाहीको कार्यालय**
**लिक्वीडेटरः अधिवक्ता, गणेश दाहाल, इजाजत प्र.प नं. ५०९,**
**ठेगानाः काठमाडौं, फोन नं. ९८५१०८६८४१**

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**प्रथमपटक प्रकाशित मितिः २०८१/०१/२२**

**Al Mashoor Diagnostic Service Pvt. Ltd** को साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाम **Al Mashoor Diagnostic Center Pvt. Ltd** ले सकार्ने व्यहोर्ने शर्तमा कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

### काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

**तेस्रो पटक सूचना प्रकाशित मितिः २०८१/०१/२२**

वनदेवी सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई समूहको कार्यालय कम्पाउण्डमा घाटगद्दीमा १ वटा लट बनाई राखिएको साल गोलिया काठ ५४२.५१ घ. फि., असना गोलिया काठ ३६१.१७ घ.फि., सल्ला गोलिया काठ ५५.९८ घ.फि. अन्य गोलिया काठ ७७.१४ घ.फि र साल समेत जातका मिश्रीत दाउरा २०*५*५ को १.०० (एक दशमलव शुन्य) चट्टा जे जस्तो छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८ बमोजिम सुचीकृत उद्योगले यो सूचना तेश्रो पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री वनदेवी सामुदायिक वन उपभोक्ता समूह**
**जीतपुर सिमरा उ.म.न.पा. वडा नं. २२, बारा**

### लिक्वीडेटर कार्यालयमको हकदाबी सम्बन्धी ३५ दिने सूचना

नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६९/०४/११ मा दर्ता भएको र.नं. ९५३१०/०६९/०७० को **दिवाज फिल्मस् प्रा. लि.** को मिति २०८१/०१/२१ को विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६(१) बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ । साथै सो अवधि भित्र कुनै दावी पर्न नआएमा वा उक्त आवधि पश्चात कुनै दावि पर्न आएमा सो माथि कुनै कारवाही नहुने व्यहोरा पनि यसै सुचनाद्धारा सुचित गरिन्छ ।

**दामासाहीको कार्यालय**
**लिक्वीडेटरः अधिवक्ता, तारा कुमार श्रेष्ठ, इजाजत प्र.प नं. ५२३,**
**ठेगानाः अनामनगर, काठमाडौं, फोन नं. ९८५१००६४१६**

### काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

**तेस्रो पटक सूचना प्रकाशित मितिः २०८१/०१/२२**

महिला मिलन सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई समूहको कार्यालय कम्पाउण्डमा घाटगद्दीमा १ वटा लट बनाई राखिएको साल गोलिया काठ ३८४.२१ घ. फि., असना गोलिया काठ ४५०.३१ घ.फि., सल्ला गोलिया काठ ६६.११ घ.फि. र अन्य गोलिया काठ ४३.६९ घ.फि. जे जस्तो छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८ वमोजिम सुचीकृत उद्योगले यो सूचना तेश्रो पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री महिला मिलन सामुदायिक वन उपभोक्ता समूह**
**जीतपुर सिमरा उ.म.न.पा. वडा नं. २२, बारा**

### कर्मचारी हटाइएको सम्बन्धी सूचना

यस **Mass Human Resource Pvt. Ltd.** (ई.प.नं.९३८/०६७/०६८)मा कार्यरत **Hark Bahadur Khadka (Citizenship No. 25986)** ले आफ्नो व्यक्तिगत काम विशेषका कारण हाल यस कार्यालयमा कार्यरत नरहेको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

Mass Human Resource Pvt. Ltd.
(ISO Certified Ethical Recruitment Company)
SAMAKHUSI, KTM, Nepal, TEL: 4983088, 4955765, 9860684532, 9842381591
Govt. License 938/067/068

### सुनवर्षी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
डाईनिया, मोरङ्ग
कोशी प्रदेश

### बोलपत्र र दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०८१।०१।२२**

यस कार्यालयद्वारा मिति २०८०/११/२७ र २०८०/१२/२८ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम प्राप्त हुन आएको तपशिलमा उल्लेखित न्युनतम मुल्याङ्कित सारभुतरुपमा प्रभावग्राही बोलपत्र सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा (२) को प्रयोजनार्थ स्विकृतिको आशयको लागि सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. स. | ठेक्का नं. | बोलपत्रदाताको नाम/ ठेगाना | कामको विवरण | कवोल गरेको रकम (मू.अ.कर र पि. एस. बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १ | SUNMU/ROAD/ 080/81-09 | Shyama-Baba JV, Sunawarshi-08, Morang | Maldaiya Sikti sadak kalopatre nirantarta | १,२८,६७,१६१.७६/- | बोलपत्र |
| २ | SUNMUN/SQ/ HEALTH/ 080/81-01 | श्री लाईफ लाईन ड्रप प्रा.लि, माहालक्ष्मीस्थान-०४, ललितपुर | औषधी खरिद | ८,७८,४१५.८०/- | दरभाउपत्र |

**प्रमुख प्रशासकिय अधिकृत**


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAVA SERVICE SDN BHD
पूर्व स्वीकृति मिति : २०७९/०९/१४ पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२१ LT. No. 278491 चलानी नं. ६०१९४०७४

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Clinic Workshop helper | 32 | 0 | 1500 | ४२,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख ३० गते (12th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Mass Human Resource Pvt. Ltd.
(ISO Certified Ethical Recruitment Company)
SAMAKHUSI, KTM, Nepal, TEL: 4983088, 4955765, 9860684532, 9842381591
Govt. License 938/067/068

## युएई र साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SINAI COLORS FOUNDATION FOR PROVIDING MEALS
पूर्व स्वीकृति मिति २०८१/०१/२१ LT No.304139 चलानी नं. ६०२१८९२७

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 6 | 0 | 1300 | ४६,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NOFAL SOLUTIONS GENERAL CONTRACTING EST
पूर्व स्वीकृति मिति २०८१/०१/२१ LT No.304141 चलानी नं. ६०२१८९२८

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food And Beverage Counter Worker | 2 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NOFAL SOLUTIONS GENERAL CONTRACTING EST
पूर्व स्वीकृति मिति २०८१/०१/२१ LT No. 304140 चलानी नं. ६०२१८९५५

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | food and beverage counter worker | 2 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NOFAL SOLUTIONS GENERAL CONTRACTING EST
पूर्व स्वीकृति मिति २०८१/०१/२१ LT No. 304248 चलानी नं. ६०२१८९५३

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Helper | 10 | 0 | 900 | ३२,६०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Gypsum Carpenters | 12 | 0 | 1200 | ४३,६०८ | | | | | | | |
| 3 | MASON | 8 | 0 | 1200 | ४३,६०८ | | | | | | | |
| 4 | PAINTER | 10 | 0 | 1200 | ४३,६०८ | | | | | | | |
| 5 | PLUMBER | 5 | 0 | 1200 | ४३,६०८ | | | | | | | |
| 6 | STEEL FIXER | 5 | 0 | 1200 | ४३,६०८ | | | | | | | |

कम्पनी : RUKIN AL BASMAH METALIC CONT IND LLC.
पूर्व स्वीकृति मिति २०८१/०१/२१ LT No. 304249 चलानी नं. ६०२१८९५४

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Helper | 10 | 0 | 900 | ३२,६०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Gypsum Carpenters | 13 | 0 | 1200 | ४३,६०८ | | | | | | | |
| 3 | MASON | 7 | 0 | 1200 | ४३,६०८ | | | | | | | |
| 4 | PAINTER | 10 | 0 | 1200 | ४३,६०८ | | | | | | | |
| 5 | PLUMBER | 5 | 0 | 1200 | ४३,६०८ | | | | | | | |
| 6 | STEEL FIXER | 5 | 0 | 1200 | ४३,६०८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख ३० गते (12th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १३६३/०७४/०७५
INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.
Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone:
(+977) 4112800, Email: inspireintemp@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SINOPEC ENGENEERING GROUP SAUDI CO. LTD
पूर्व स्वीकृति मिति २०८१/०१/२१ LT. No. 304191 चलानी नं. चलानी नं. ६०२१८९०२

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Concrete mix worker | 70 | 0 | 1500 | ४२,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SINOPEC ENGENEERING GROUP SAUDI CO. LTD
पूर्व स्वीकृति मिति २०८१/०१/२१ LT. No. 304188 चलानी नं. ६०२१८८९९

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | A builder/constructing worker/builging worker | 100 | 0 | 1200 | ४२,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SINOPEC ENGENEERING GROUP SAUDI CO. LTD
पूर्व स्वीकृति मिति २०८१/०१/२१ LT. No.304189 चलानी नं. चलानी नं. ६०२१८९००

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | waterproofing agent | 50 | 0 | 1500 | ५३,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SINOPEC ENGENEERING GROUP SAUDI CO. LTD
पूर्व स्वीकृति मिति २०८१/०१/२१ LT. No. 304190 चलानी नं. चलानी नं. ६०२१८९०१

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & Unloading worker | 100 | 0 | 1200 | ४२,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख ३० गते (12th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क:१०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं ९५७/०६७/०६८
All Skills International Human Resource Pvt.ltd.
Maharajganj-03, Basundhara, Kathmandu, Nepal
Tel +977-1-4989541-4989542 Fax : +977-1-4362800
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com
Website : www.allskillsintl.com

# सबैला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**सबैला, धनुषा**
**मधेश प्रदेश, नेपाल**

## विषयः- दर भाउपत्र (कोटेशन) पेश गर्ने बारे सूचना सम्बन्धमा ।

**प्रथम पटक प्रकाशित मितिः- २०८१/०१/२२**

यस सबैला नगरपालिका कार्यालयको चालु आ.ब. २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गतका नगर तथा वडा स्तरीय तपसिलमा उल्लेखित योजनाहरुको निर्माण कार्य सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (४) बमोजिम तथा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ को उपदफा (१) बमोजिम उक्त योजनाहरु सोझै खरिद प्रक्रिया मार्फत अगाडी बढाउनु पर्ने भएकोले यस कार्यालयमा सूचिकृत भएका ईच्छुक फर्म/निर्माण व्यवसायी/कम्पनीले के-कति दररेट (कोटेशन) मा निर्माण कार्य गर्न सकिने हो सो को दररेट (कोटेशन) प्रस्ताब आव्हान भएको मितिले ७ कार्य दिनभित्र कार्यालय समयमा रितपूर्वक यस कार्यालयबाट BOQ भरी दर्ताहुने गरी यस कार्यालयको योजना शाखामा पेश गर्नहुन सम्बन्धित सबैकालागी यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र.स. | योजना विवरण | ल.ई. भ्याट सहित | कैफियत |
|---|---|---|---|
| १ | विसुन्देव घर देखी मुल सडक सम्म सडक पि.सि.सि., वडा नं. ६ | २०४२४३.२३ | |
| २ | राजेन्द्र साह घर देखि रुद्र बहादुर बिक घर सम्म सडक पी.सि.सि. ढलान कार्य, वडा नं. १३ | ८२३५४८.४१ | |
| ३ | राजेन्द्र रोनियार को घर देखि शाखा सम्म PCC ढलान वडा नं. १३ | ९६९१९०.१३ | |
| ४ | काजिम राईन घर देखि ओकुम राईन घर हुदै करिमन घर सम्म सडक पी.सि.सि. ढलान कार्य, रघुनाथपुर, वडा नं. १३ | ९६९१९०.१३ | |
| ५ | मूल सडक देखि चन्द्रशेखर यादव घर सम्म सडक पी.सि.सि. ढलान कार्य, टोकि, वडा नं. १२ | ६०८३०२.८० | |
| ६ | विशेश्वर ठाकुर घर देखि महिन्दर महतो घर सम्म पी.सी.सी. ढलान, वडा नं. १३ | ४८२५४७.८९ | |
| ७ | छोटकन घर देखि बसघार सम्म र निर्गुण घर देखि देखिय पासमान घर सम्म पी.सी.सी. ढलान, वडा नं. १३ | ४८२५४७.८९ | |
| ८ | देवलाल कापर घर देखि कपुचन कापर घर सम्म पी.सी.सी. ढलान, वडा नं. १३ | ९६९६८२.४१ | |
| ९ | गुरुदयाल घर देखि दयानाथ घर सम्म पी.सी.सी. ढलान, वडा नं. १३ | २८७८३९.८२ | |
| १० | कदुस शेख घर देखि कवडगाह घर सम्म पी.सी.सी. ढलान, वडा नं. १३ | ९६९७३५.८५ | |
| ११ | पंचु सदा घर देखि श्रीलाल सदा घर र अर्जुन सदा घर देखि बुधन सदा घर सम पी.सी.सी. ढलान, वडा नं. १३ | ४८२५४७.८९ | |
| १२ | उपेन्द्र यादव घर देखि ईन्दल ठाकुर घर सम्म पी.सी.सी. ढलान, वडा नं. १३ | २८७७७४.०२ | |
| १३ | ब्रम्हा सदा घर देखि दिन भद्री स्थान सम्म र राम रतन घर देखि राम अवतार घर सम्म पी.सी.सी. ढलान, वडा नं. १३ | ७७४७९३.१२ | |
| १४ | पटेर्वा भैरव घर देखि नहर सम्म PCC ढलान, वडा नं. ४ | ९६९१९०.१३ | |
| १५ | उतिमपुर - २ वटा गल्लीहरु पि.सि.सी. ढलान, वडा नं. १२ | ६७९६५९.१९ | |
| १६ | शिवनगर- रघुनाथपुर चारवटा गल्लीहरु पि.सि. सी. ढलान, वडा नं. १२ | १११७७५.८८ | |
| १७ | टोकी- रामलाल धामीको घर देखी राजेन्द्र सादाको घरसम्म पि.सि. सी. ढलान, वडा नं. १२ | ९७१५८९.९७ | |
| १८ | ईदगाह मर्मत सम्भार, वडा नं. ३ | ४८२०१७.७४ | |
| १९ | बर्कुरवा नगर-१२ मा मुसरहर समुदायको मन्दिर निर्माण, वडा नं. १२ | २८८४४७.७१ | |
| २० | रघुनाथपुर को सस्त्र वेस क्याम मा भोजन कक्ष निर्माण, वडा नं. १२ | ७७६०२०.९५ | |
| २१ | बैकी सोमनी माई थानमा स्टील पाइप, मन्दिर निर्माण तथा व्यवस्थापन, वडा नं. ९ | ४८४८४४.७९ | |
| २२ | शिव मन्दिरमा शौचालय निर्माण, वडा नं. ९ | ४८३७९७.९५ | |
| २३ | शिव आरती को लागी एसटेण निर्माण, चौतारा निर्माण, वडा नं. ९ | ४८१८९३.१७ | |
| २४ | पि.सी.सी. ढलान अकवर घर देखि दक्षिण बाटो सम्म, वडा नं. ८ | ३६८१७३.३० | |
| २५ | सुखरी दासको घर देखि सिताराम घर सम्मको सडक पि.सि.सि., वडा नं. ६ | ३५०१६८.०५ | |
| २६ | मूल सडक देखि महिन्द्र चमार घर सम्मको सडक पि.सि.सि., वडा नं. ६ | ३६७९४६.५३ | |
| २७ | रामपरायण साहको घर देखि अशोक घर सम्म सडक पि.सि.स., वडा नं. ६ | ३७४९८७.९५ | |
| २८ | बिसुनदेव घर देखि मुल सडक सम्म सडक पि.सि.स., वडा नं. ६ | २०४२४३.२३ | |
| २९ | पटेर्वाको कब्रस्तानको घेरबेर, वडा नं. ४ | ४८५१७४.२९ | |
| ३० | बल्टिया कल्भर्ट देखि मेन सडक सम्म सडक पि.सि.सि. ढलान, वडा नं. ४ | ९८५७५३.७६ | |
| ३१ | विश्वनाथ पासवानको घर देखि विवेक पासवान को घर सम्म एऋत्ऋ ढलान, वडा नं. ४ | १६६७२३.०६ | |
| ३२ | शत्रुधन पासवानको घर देखि पोखरी सम्म PCC ढलान, वडा नं. ४ | १९६९१२.०७ | |
| ३३ | प्रसाहि शिव मन्दिर निर्माण कार्य, वडा नं. ४ | ९५०३३४.२९ | |
| ३४ | खरिहनिमा चन्द्र पण्डितको घरदेखि दिहवारसम्म सडक ढलान, वडा नं. १० | ७३०५४८.७३ | |
| ३५ | गेरुवाहीमा परिक्रमा सडक देखि राम बहादुरको घर सम्म पि.सि.सि. ढलान, वडा नं. १० | २९२२०२.६९ | |
| ३६ | मिसरपट्टिमा मोहन यादवको घर देखि राम प्रवेशको घर सम्म सडक पि.सि.सि. ढलान, वडा नं. १० | ९७३८५३.७३ | |
| ३७ | खरिहानीमा गुल्मा घर देखि दुर्गापथ सम्म अधुरो सडक ढलान, वडा नं. १० | १९४६८२.१७ | |
| ३८ | मिसरपट्टिमा राम सेवक यादवको घर देखि राजाराम रजकको घर सम्म सडक पि.सि.सि ढलान, वडा नं. १० | ६८१६६४.४० | |
| ३९ | सिमराढीमा राम सुनर कापरको घर देखी राम जुलुम साहको पसल सम्म अधुरो PCC ढलान, वडा नं. १० | ३८९४७५.०७ | |

**प्रमुख प्रशासकीय अधिकृत**


## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : ARAB REFRACTORIES AND CONTRACTING COMPANY LIMITED**

पूर्व स्वीकृति मिति २०८१/०१/२१ | LT. No. 304012 | चलानी नं. ६०२१८९४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Driver | 2 | 0 | 1500 | ५३,२४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख ३० गते (12th May 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले    सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**
श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## युएईमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : ANCHOR ALLIED FACTORY LLC**

पूर्व स्वीकृति मिति २०८०/०६/०९ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२१ | LT. No. 293004 | चलानी नं. ६०२०८२३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ordinary Laborer | 21 | 0 | 900 | ३२,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख २९ गते (11th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले    सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Fix Job Overseas Pvt. Ltd.**
FIX JOB OVERSEAS PVT. LTD.
Govt.Lic. No. 1590/079/80
Sinamangal-9, Pingalasthan, Kathmandu, Nepal Tel : +977-1-5912965
E-mail : info@fixjoboverseas.com, fixjoboverseas@gmail.com
Website : www.fixjoboverseas.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : EAST GULF REAL ESTATE INVESTMENT COMPANY**

पूर्व स्वीकृति मितिः २०८१/०१/२० | LT. No. 304073 | चलानी नं. ६०२१८९११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 1 | 0 | 1200 | ४२,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख २९ गते (11th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले    सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Prince International Employment Service Pvt. Ltd.**
श्रम ईजाजत नं. ४३५/०६०/०६१
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, Mobile: 981-3952892, 9706180600
E-mail : info@princeies.com, mkhatiwada799@gmail.com, binod2551@gmail.com

## कतारमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : ROHAN SPA SALOON**

पूर्व स्वीकृति मिति २०८१/०१/२० | LT No :304040 | चलानी नं. ६०२१८८८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Administrative Supervisor | 5 | 0 | 2500 | ९१,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Sales Manager | 6 | 0 | 6300 | २३०,३८० | | | | | | | |
| 3 | Supervisior | 0 | 5 | 2500 | ९१,४२० | | | | | | | |
| 4 | Supervisor | 3 | 0 | 2500 | ९१,४२० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख २९ गते (11th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले    सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**OM OVERSEAS EMPLOYMENT PVT.LTD**
Govt. License 1518/074/075
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266,
985-1105656, 9801020501/ 9804347122/ 9815360583/ 9810232965/ 9824347702/ 9824387018
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : TALAL AL RUMAN RESTAURANT FOR SERVING MEALS**

पूर्व स्वीकृति मिति २०८१/०१/२१ | LT. No. 304102 | चलानी नं. ६०२१८९२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 4 | 0 | 1200 | ४२,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख २९ गते (11th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले    सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.**
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np



# डढेलोबाट जंगलका स्रोत जोगाउनै मुस्किल

> नयाँ बन्ने वनसम्बन्धी नीति, रणनीति, ऐन, नियम, निर्देशिका तथा मार्गदर्शनहरूमा वन डढेलोको विषय समावेश गरिने वन तथा भूसंरक्षण मन्त्रालय र अन्तर्गतका निकायहरूको संस्थागत संरचना सुधार गरी वन क्षेत्रबाहेकका अग्निप्रकोप व्यवस्थापन तथा नियन्त्रण सम्बन्धित निकायसँगको समन्वयमा डढेलो व्यवस्थापन संरचना वा संयन्त्रको विकास गरिँदै लगिने रणनीति छ । रणनीतिको प्रभावकारी कार्यान्वयन गर्नका लागि विज्ञहरूले सुझाएका छन् ।

**प्रगति ढकाल**

*तस्बिरः रासस*

डढेलोविद् सुन्दर शर्मा यही साता मंगोलिया भ्रमणमा जाने अन्तिम तयारीमा थिए । तर मुलुकका विभिन्न स्थानका जंगल डढेलोले जलिरहँदा उनलाई भ्रमणमा निस्कन मन लागेन । विदेश जान मरिहत्ते गर्नेहरू धेरै छन् यहाँ तर डढेलो बढेसँगै उनको मन पनि अत्तालिरहेको छ । डढेलोको विषयमा बुझ्न सञ्चारकर्मीको फोनको घण्टीले उनलाई एकैछिन फुर्सद हुँदैन ।

'विभिन्न स्थानका लागिरहेको वन डढेलोले देश नै जलिरहेको छ, म कसरी विदेश जान सक्छु र ?,' उनी भन्छन्, 'आजभोलि त निन्द्रा नै राम्रोसँग लाग्दैन । कतै डढेलोले ज्यानै लिएको छ त कतै, चराचुरुंगी र वन्यजन्तु डढेलोसँगै तितरबितर छन् त कतै जंगलका काठ चलेर राज्यको अथाह सम्पत्ति खरानी भइरहेको छ ।' उनका अनुसार देशभर वन डढेलोको अवस्था झनझन विकराल बन्दै गइरहेको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार बिहीबारमात्रै ५३ जिल्लाका ४३६ स्थानमा वन डढेलो लागेको छ ।

जंगलमा लागिरहेको आगोले कतिबेला कुन बस्ती जलेर खरानी हुने हो भन्ने चिन्ताले उनलाई सताएको छ । प्राधिकरणमा डढेलो विज्ञको रूपमा काम गरिरहेका उनलाई डढेलोको समयमा कसरी डढेलो व्यवस्थापन कार्य र क्षति न्यूनीकरणमा लागि परेका छन् । नेपालमा सञ्चारकर्मीदेखि विभिन्न डिभिजन वन कार्यालय, वन उपभोक्ता समूहलगायतले उनीसँग नै डढेलोबारे जानकारी लिइरहेका छन् ।

गत मंगलबार बिहान ११:३० बजेतिर प्राधिकरणलाई ललितपुरको गोदावरी नगरपालिका-६ आनन्द वनमा डढेलो फैलिएको भन्ने खबर आउँछ । डढेलोको कारण नजिकै रहेको कुष्ठरोग अस्पतालसमेत जोखिममा रहेको थाहा पाएपछि डढेलोविद् शर्मासहितको टोली आगो नियन्त्रणका लागि ललितपुर गएको थियो । 'जंगलको आगोबाट अस्पताललाई कसरी सुरक्षित गरेर राज्यको सम्पत्ति जोगाउने भन्ने चिन्ता भयो,' शर्माले भने, 'लेलेतर्फको जंगलमा लागेको डढेलो फैलिँदै आनन्द वनसम्म आइपुगेको रहेछ । हामीले पोटेबल फाएर ड्रोन, पोटेबल फाएर पम्प, चारवटा दमकलको सहायताले बल्लतल्ल आगो निभायौं ।'

ललितपुरका विभिन्न स्थानमा लागेको डढेलो कतै नियन्त्रणमा आउन सक्यो कतै अझै बाँकी नै छ । डढेलोकै कारण गोदावरी नगरपालिका-४ बडीखेलस्थित तपेश्वरमा लागेको डढेलो निभाउने क्रममा शंकर पहरी र रमेश पहरीको मृत्युसमेत भइसकेको छ । शर्माका अनुसार नेपालमा साधारणतया वर्षमा २५ सयको हाराहारीमा डढेलाका घटना हुन्छन् । '८० प्रतिशत वन डढेलाको घटनाहरू फागुनको मध्यदेखि जेठको मध्यसम्म हुने गर्छन् । चैत र वैशाखमा मात्रै ६० प्रतिशत डडेलोको घटनाहरू हुने गर्छन्,' शर्माले भने ।

डिभिजन वन कार्यालय ललितपुर डिभिजन कार्यालयका वन अधिकृत थीरप्रसाद कोइरालालाई पनि अहिले देशका विभिन्न स्थानमा लागिरहेको डढेलोले चिन्तित बनाएको छ । डढेलोका कारण जंगलमा लागेको आगोले चराचुरुंगी र अन्य वन्यजन्तुहरू पनि जलेका छन् । उनीहरूको बासस्थानमै खलल पुगेको छ, काठ, दाउरा, जडीबुटी पनि डढेलोका कारण क्षति पुगेको उनको भनाइ छ ।

गत चैत १९ गते पनि रौतहट जिल्ला गैंडाटारको राष्ट्रिय वनमा डढेलो लागिरहेको छ, भन्ने खबर पाउना साथ डिभिजन वन अधिकृत शैलेन्द्र मिश्रको मन अतालिन थाल्यो । जंगलसँगै जंगल आसपासमा रहेका काठ दाउरा कसरी सुरक्षित गर्ने भनेर । वनमा लागिरहेको आगो नियन्त्रण गरेर काठ दाउरा जोगाउन सर्लाहीको हरिवन, बाराको निजगढ, गौर र चन्द्रपुर नगरपालिकाबाट चारवटा बारुणयन्त्र घटनास्थल गए । आगो नियन्त्रणको प्रयास रहँदारहँदै पनि घाटगद्दी गरिएको साल, कू-काठ, दाउरा जलेर खरानी भयो ।

यसैगरी चैतको दोस्रो साता मधेस प्रदेशस्थित वन तथा वातावरण मन्त्रालयका सचिव उद्धवबहादुर घिमिरेले महोत्तरीस्थित गौशाला नगरपालिका-११ को राष्ट्रिय वनमा आगो लागिरहेको र काठ जलिरहेको भन्ने खबर मन्त्रालय मातहतको डिभिजन वन कार्यालय महोत्तरीलाई पठाउँछन् । त्यसपछि महोत्तरीका डिभिजन वन अधिकृत सन्तोष झासहितको टोली आगलागीका कारण जलिरहेको काठ बचाउन जंगलतिर लाग्छन् ।

आगो नियन्त्रणका लागि निरन्तर २८ घण्टा खटिएको अनुभव अधिकृत झा सुनाउँछन् । तर त्यति लामो सयमसम्मको प्रयास गर्दागर्दै पनि एक करोड ६० लाख रूपैयाँ मूल्यबराबरको काठ र दाउरा आँखै अगाडि जलेर खरानी भएको देख्दा उनी निकै भावुक बने । नेपाल-भारतबीचको विद्युत् व्यापारका निर्माण गरिएको हेटौंडा-ढल्केबर-इनरुवा ४०० केभी डबल सर्किट प्रसारणलाइन आयोजना निर्माणका क्रममा छ वर्षअघि काटिएको काठ बिक्री हुन नसक्दा जंगलमै राखिएको थियो ।

हिजो तस्करीबाट काठ जोगाउन मुस्किल आज वन डढेलाबाट काठ कसरी जोगाउने भन्ने मुस्किल रहेको बताउँछन्, धादिङका डिभिजनल वन अधिकृत विष्णु आचार्य । 'कतिपय जिल्लामा जंगलभित्र काटेर राखिएको काठ बिक्री भएका छैनन् । कतिपय स्थानका ढलापढा तथा सुखढ खडा काठहरू यतिकै छन् । पातपतिंगर उत्तिकै छन्,' उनले भने, 'अनि यसले जंगलको आगो छिटो फैलाएको छ र जंगलमा रहेका काठ दाउरा, वन्यजन्तु तथा अन्य जैविक विविधताको संरक्षण कसरी गर्ने ? भन्ने चुनौती रहेको छ ।'

सुक्खायाम बढेसँगै मुलुकका विभिन्न स्थानमा लागिरहेको वन डढेलोको कारण देशका विभिन्न स्थानमा आगलागीका घटना बढिरहेका छन् । वन तथा वातावरण मन्त्रालयका अनुसार वन डढेलोका कारण के कति काठहरू जले भन्ने यकीन तथ्यांक भने आइनसकेको जानकारी गराएको छ । डढेलोका कारण वन क्षेत्रमा कटान गरी राखिएको काठ र ढलापढा तथा सुखढ काठहरू वन डढेलोबाट जोगाउन मुस्किल रहेको अन्य डिभिजनल वन अधिकृतहरूको गुनासो छ ।

कोशी प्रदेश पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव विशाल घिमिरेले पनि डढेलो नियन्त्रणमा आउन नसक्दा वन क्षेत्रभित्र रहेका काठ जोगाउन चुनौती थपेको बताउँछन् । 'वन डढेलो नियन्त्रणका लागि हामीले जनचेतनामूलक कार्यक्रमहरू गर्दै त आइरहेका छौं, यसो हुँदाहुँदै पनि वन क्षेत्रमा लाग्ने डढेलो नियन्त्रण हुन सकिरहेको छैन,' उनले भने, 'डढेलो नियन्त्रणका नीति कार्यान्वयनमा केन्द्रीय सरकार र स्थानीय तहसँगको सहकार्य जरुरी छ ।'

कपिलवस्तुका डिभिजनल वन अधिकृत विजय सुवेदीले पनि वन क्षेत्रमा लाग्ने डढेलोको कारण काठ दाउरा जोगाउनै मुस्किल भइरहेको बताएका छन् । 'वन डढेलोको घटनाहरूबाट कसरी काठ र दाउरा जोगाउने भन्ने नै अहिलेको मुख्य चुनौती रहेको छ,' उनले भने, 'वन डढेलो धेरैजसो मानवीय कारणले लाग्ने भएकाले नियन्त्रणका लागि हामीले सिसी क्यामरा जडानलाई प्राथमिकता दिएर अगाडि बढेका छौं ।'

सामुदायिक वन उपभोक्ता महासंघ (फेकोफन) का अध्यक्ष ठाकुर भण्डारीले वन क्षेत्रका काठले बजार नपाउँदा डढेलासँगै जलिरहेको बताएका छन् । 'हामीले समयमा नै वनको काठ नै बाहिर बजारमा ल्याउनुपर्छ भनेका थियौं, तर काठले बजार नपाउँदा बजारमा नआउने उता विदेशी काठ आयात गर्नुपर्ने यो कस्तो विडम्बना हो ?,' प्रतिप्रश्न गर्दै उनले भने, 'डढेलो नियन्त्रणका प्रभावकारी कार्यक्रम गर्न सामुदायिक वन कार्ययोजना परिमार्जन गर्नुपर्ने, वन उद्यम विकास गरेर वन पैदावारको सदुपयोग गर्नुपर्ने, तालिम गोष्ठी सञ्चालन गर्नुपर्ने, नियन्त्रणका पर्याप्त आधुनिक औजारहरूको व्यवस्था हुनुपर्छ ।'

वन तथा वातावरण मन्त्रालयका सचिव डा. दीपक खरालले पछिल्लो समय बढ्दै गइरहेको वन डढेलो नियन्त्रणलाई प्रभावकारी बनाउन आगामी आर्थिक वर्ष २०८१/८२ का बजेटमा डढेलो नियन्त्रणका कार्यक्रमलाई प्रथामिकतामा राखिने जानकारी दिएका छन् । 'अहिले देशका विभिन्न स्थानमा आगलागीका घटनाहरू बढिरहेका छन् । हामीले प्रदेश सरकारसँग पनि समन्वय गरेर डढेलो नियन्त्रणका प्रभावकारी गतिविधि अगाडि बढाउन निर्देशन दिएका छौं,' उनले भने । मन्त्रालयले डढेलोबाट काठ जोगाउन सुरक्षित सतर्कता अपनाउन भन्दै डिभिजनल वन कार्यालयलाई परिपत्र गरिसकेको थियो । मन्त्रालयका प्रवक्ता बद्रीराज ढुंगानाले सबैलाई काठ व्यवस्थापनका लागि परिपत्र गरिसकेको भए पनि काठ दाउरा जलेको खबर दुःखद् पक्ष रहेको बताए ।

मानिसले जंगलमा आगो लगाएमा कारबाही हुने कानुनी व्यवस्था छ । कडाइका साथ कानुन कार्यान्वयन नहुँदा मानवीय लापरवाहीका कारण वन डढेलो बढेको सराकारवालाहरूको भनाइ छ । वन ऐन २०७६ को दफा ४९ को 'घ' मा राष्ट्रिय वनमा आगो लगाउने वा आगलागी हुन जाने कुनै कार्य गरेमा सजाय हुने व्यवस्था गरिएको छ । 'यस कसुर गर्नेलाई क्षति भएको बिगो असुल गरी तीन वर्षसम्म कैद वा ६० हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने छ,' ऐनमा उल्लेख छ ।

वन डढेलो व्यवस्थापन रणनीति, २०६७ ले डढेलो व्यवस्थापन गर्न आवश्यक नीतिगत तथा संस्थागत संरचनाको निर्माण एवं सुदृढीकरण गर्ने, डढेलो रोकथाम तथा नियन्त्रणमा स्थानीय समुदाय, नागरिक समाज, सरकारी तथा गैरसरकारी निकायहरूका परिचालन गर्ने, डढेलोबाट हुनसक्ने जोखिमबारे अग्रिम जानकारी लिनका लागि पूर्वतयारी गर्नेलगायतका लक्ष्य राखेको छ । वन डढेलो व्यवस्थापन रणनीति, २०६७ ले डढेलो व्यवस्थापन गर्न आवश्यक नीतिगत तथा संस्थागत संरचनाको निर्माण एवं सुदृढीकरण गर्ने, डढेलो रोकथाम तथा नियन्त्रणमा स्थानीय समुदाय, नागरिक समाज, सरकारी तथा गैरसरकारी निकायहरूका परिचालन गर्ने, डढेलोबाट हुनसक्ने जोखिमबारे अग्रिम जानकारी लिनका लागि पूर्वतयारी गर्नेलगायतका लक्ष्य राखेको छ ।

यसैगरी आगोको व्यवस्थित प्रयोगबाट पारिस्थितिकीय प्रणालीमा सकारात्मक प्रभाव र स्थानीय जनताको जीविकोपार्जनमा टेवा पुऱ्याउने, आन्तरिक तथा अन्तरदेशीय डढेलो विपद् तथा यसबाट उत्पन्न जलवायु परिवर्तनलगायत वातावरणीय समस्या समाधानका लागि द्विपक्षीय, बहुपक्षीय समन्वय, सहकार्य र सहयोग बिस्तार गर्ने रणनीतिमा उल्लेख छ ।

नयाँ बन्ने वनसम्बन्धी नीति, रणनीति, ऐन, नियम, निर्देशिका तथा मार्गदर्शनहरूमा वन डढेलोको विषय समावेश गरिने वन तथा भूसंरक्षण मन्त्रालय र अन्तर्गतका निकायहरूको संस्थागत संरचना सुधार गरी वन क्षेत्रबाहेकका अग्निप्रकोप व्यवस्थापन तथा नियन्त्रण सम्बन्धित निकायसँगको समन्वयमा डढेलो व्यवस्थापन संरचना वा संयन्त्रको विकास गरिँदै लगिने रणनीति छ । रणनीतिको प्रभावकारी कार्यान्वयन गर्नका लागि विज्ञहरूले सुझाएका छन् । *रासस*



## प्रचण्ड गर्मीमा 'गुइँठा' बनाउँदै महोत्तरीका गृहिणी

**गोपालप्रसाद बराल**

अहिले वैशाखको तेस्रो सातामै महोत्तरीमा तापक्रम दैनिकजसो ४२ डिग्री सेल्सियसको सेरोफेरोमा छ । प्रचण्ड रापसँगैको तातो हावाका बीच पनि यहाँ गृहिणी भने बर्खा यामका लागि 'गुइँठा' बनाउन व्यस्त छन् ।

मधेसमा खाना पकाउने इन्धनको जोहोमा 'गुइँठा' बनाउने व्यस्तता बढेको हो । बर्खामास खाना पकाउन यहाँका गृहिणी जेठसम्म 'गुइँठा' बनाउने काममा व्यस्त हुन्छन् । यहाँ गोबरमा पराल वा साना झिक्रा हालेर डोलो 'गुइँठा' र घरका पर्खालमा गोबर सुकाएर 'चपरी' पारिन्छ ।

गाई, भैंसी पालेका किसानले आफ्नै गोठको गोबरमा र यी पशुवस्तु नपाल्नेले चरन क्षेत्र र बाटाघाटाका गोबर टिपेर घरमा ल्याई थुपारेर 'गुइँठा' बनाउँछन् । जिल्लाका सबैजसो स्थानीयतहका ग्रामीण बस्तीमा अहिले आम महिला ढकी (बाँसको चोयाले बुनिएको खास भाँडो, 'छिटी' पनि भनिन्छ) बोकेर गोबर संकलन गर्न र घरघरै 'गुइँठा' बनाउन व्यस्त देखिँदा छन् । जिल्लाका १५ स्थानीयतहमध्ये १० नगरपालिकामा पनि धेरैजसो ग्रामीण बस्ती नै रहेका हुँदा सबैजसो भेगमा अहिले गृहिणीको 'गुइँठा' बनाउने काममा व्यस्तता बढेको हो ।

'कि करु ? खाना त खाइपरत, अइकेलेल जोगार त कर परल नई (के गर्नु ? खानु त परिहाल्छ, त्यसका लागि इन्धनको जोहो त गर्नैपर्‍यो नि),' धमाधम गुइँठा बनाउँदै भंगाहा-३ सकरी बस्तीकी रामराजी सदा भन्छिन्, 'अखैन जोगार नइकरब त बर्खामें दिकत होयत (अहिले इन्धनको जोहो नगरे बर्खामा अप्ठचारो हुन्छ) ।' बर्खामा गुइँठा चाँडै बल्ने र सल्केपछि ननिभ्ने भएपछि गृहिणी यसमा खाना पकाउन अभ्यस्त भएका छन् ।

जिल्लामा खाना पकाउने इन्धनमा बाक्लै प्रयोग हुने गोबरको चिपरी र गुइँठा (गोरहा) मा आगो ननिभ्ने र खानेकुरा पनि स्वादिलो हुने आमविश्वास छ । बर्दिबास नगरपालिकाको स्वास्थ्य शाखाका प्रमुख जनस्वास्थ्य निरीक्षक सुरेश पासवान गोबरका 'चिपरी' र 'गुइँठा'मा पकाइएको खाना मौलिक स्वादको हुने र स्वस्थ्यकर पनि हुने बताउँछन् ।

यहाँका महिला अहिले कृषि कार्य नहुँदा वर्षभरिकै इन्धन जम्मा गर्न 'चिपरी' र 'गुइँठा' बनाउन व्यस्त भएका हुन् । घरमा पशुवस्तु हुनेले आफ्नै गोठको गोबर जम्मा गरेर लगाउने र गोठमा नहुनेले सडक र चरन क्षेत्रसम्म पुगेर गोबर संकलन गरेर घर वरपर ल्याएर थुपार्ने महोत्तरीमात्र नभएर मध्यपूर्वी तराईकै आम कुरो मानिन्छ । यसरी दुई/तीन दिन लगाएर थुपारिएको गोबर अर्को दुई/तीन दिन लगाएर 'गुइँठा' र 'चिपरी' पाथ्ने गरिन्छ । सामान्यतया गोबरलाई चाक्लो पारेर पथारिनेलाई 'चिपरी' र भित्रपट्टि पराल र मसिना झिक्रा हालेर लामो डोलो बनाइनेलाई 'गुइँठा' वा 'गोरहा' भनिन्छ । यसरी बनाइएका 'गुइँठा' घाम राम्रो लाग्ने ठाउँमा चाङ लगाएर राखिन्छ । यस्तो चाङ एक महिना जति घामले सुकेपछि 'चिपरी' र 'गुइँठा' पानी नचुहिने, नभिज्ने ठाउँमा थाक बनाएर राखेपछि आवश्यकताअनुसार खाना पकाउन प्रयोग गरिन्छ ।

खासगरी वन क्षेत्र टाढा भएका र घरको आर्थिक अवस्थाले ग्यास किन्ने हैसियत नभएका घरमा इन्धनका लागि 'चिपरी' र 'गुइँठा' बालेर खाना पकाउनुपर्ने बाध्यता छ । तराई क्षेत्रमा गाई, गोरु, भैंसी र राँगाको गोबर इन्धनमा खर्च भएपछि जग्गा जमिनमा उत्पादन भने कम हुने र रासायनिक मलको प्रयोग बढेको पाका किसान बताउँछन् ।

'खेतबारीमा हाल्नुपर्ने कम्पोष्ट मल बनाइने गोबर दाउरामा प्रयोग गरिन्छ,' महोत्तरीकै बर्दिबास-७ का विन्देश्वर यादव भन्छन्, 'खेतबारी मलिलो बनाउने कम्पोष्ट मल नभएपछि उत्पादन निकै घटेको छ ।' अब इन्धनमा गोबरको विकल्प नखोजिने हो भने जग्गाको उर्वरा शक्ति ह्रास भएर यहाँका जग्गा बेकामे बन्ने किसान बताउँछन् । *रासस*

# आँबुखैरेनीमा नमूना युवा संसद् र गाउँसभाको अभ्यास



**तनहुँ (प्रस)**– जिल्लाको आँबुखैरेनी गाउँपालिकाले चारदिने नमूना युवा संसद् तथा नमूना गाउँसभा अभ्यास एवं प्रशिक्षण कार्यक्रम शुक्रबारबाट सुरु भएको छ । 'समृद्ध नेपालका लागि स्वस्थ, कर्मठ र उद्यमी युवा' भन्ने मूल नाराका साथ युवाको हकहितको संरक्षण र सम्बर्द्धन गरी समुन्नत आँबुखैरेनी तथा समुन्नत मुलुक निर्माण गर्ने उद्देश्यअनुरूप प्रशिक्षण कार्यक्रम आयोजना गरिएको गाउँपालिकाले जनाएको छ ।

उद्घाटन समारोहलाई सम्बोधन गर्दै गाउँपालिका अध्यक्ष शुक्र चुमानले सक्षम नागरिक तयार गर्ने, आँबुखैरेनीको विकासका लागि युवाहरूलाई सबल, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउँदै सार्थक सहभागिता सुनिश्चित गरी गाउँपालिकालाई आधुनिक, न्यायपूर्ण र समृद्ध बनाउने उद्देश्यसहित कार्यक्रम आयोजना गरिएको बताए ।

राष्ट्रिय युवा परिषद्का उपाध्यक्ष सुरेन्द्र बस्नेतले परिषद्को ससर्ततर्फको कार्यक्रमअन्तर्गत उक्त कार्यक्रम आयोजना गरिएको बताए । उनले यस प्रशिक्षणले युवाहरूमा उद्यमशीलता विकासमा थप सहयोग पुग्ने अपेक्षा राखे ।

कार्यक्रममा शिक्षा विकास तथा समन्वय एकाइका निमित्त एकाइ प्रमुख विश्वप्रकाश रेग्मी, राष्ट्रिय युवा परिषद्का पूर्वप्रमुख प्रशासकीय अधिकृत एवं पूर्वजिशिअ रमाकान्त शर्मा तथा अनुप घिमिरेलगायतले प्रशिक्षण दिने जानकारी दिइएको छ । चार दिनसम्म सञ्चालन हुने प्रशिक्षण कार्यक्रममा गाउँपालिकाका युवाहरूको सहभागिता रहेको छ ।

# मुख्यमन्त्री अधिकारीले २३ वैशाखमा विश्वासको मत लिने

**गण्डकी (प्रस)**– गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले यही वैशाख २३ गते गण्डकी प्रदेशसभामा विश्वासको मत लिने भएका छन् ।

गण्डकी प्रदेश प्रमुख डिल्लीराज भट्टबाट गत चैत २५ गते नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम प्रदेशको मुख्यमन्त्री पदमा नियुक्त भएका मुख्यमन्त्री अधिकारीले नेपालको संविधानको धारा १६८ को उपधारा (४) बमोजिम प्रदेशसभामा वैशाख २३ गते विश्वासको मत लिने भएका हुन् । मुख्यमन्त्री अधिकारीले वैशाख २३ गते दिनको ३ बजे प्रदेशसभामा विश्वासको मतसम्बन्धी प्रस्ताव पेस गर्ने सूचना शुक्रबार गण्डकी प्रदेशसभाको सचिवालयमा दर्ता गराएको प्रदेशसभा सचिव हरिराज पोखेलले जानकारी दिए ।

# जैविक विविधता संरक्षणमा जोड

**बाँके (प्रस)**– जैविक विविधताको संरक्षण तथा सामुदायिक वनको सशक्तीकरणमा जोड दिइएको छ । जिल्लास्थित डिभिजन वन कार्यालय र बास नेपालको संयुक्त आयोजनामा बाँकेको राप्तीसोनारी-६ मा आयोजित 'जैविक चौतारी' कार्यक्रमका सहभागीले जैविक विविधता संरक्षणमा जोड दिएका हुन् ।

उक्त कार्यक्रममा सहभागीले ऐक्यबद्धता जनाउँदै आठ बुँदे प्रतिबद्धतासहित जैविक विविधताको संरक्षण तथा सामुदायिक वन सशक्तीकरणमा जोड दिएका राप्तीसोनारी गाउँपालिकाकी उपाध्यक्ष मनिषासिंह थारुले बताइन् । सामुदायिक वन उपभोक्ता समूहको संस्थागत विकासका लागि कार्य गर्ने कुरामा सरोकारवाला सहमत भई जैविक विविधताको संरक्षण र सम्वर्द्धन गर्ने, प्रत्येक वडालाई हरियाली बनाउन वन संरक्षण जैविक विविधताको संरक्षणका लागि योजना पेस गरी कार्यान्वयन गर्ने सहमति भएको डिभिजन वन कार्यालयका डिभिजनल वन अधिकृत अजितकुमार कर्णले जानकारी दिए ।

पेस भएकामध्ये वनसँग सम्बन्धित योजना प्राथमिकीकरण गरी आगामी योजनामा समावेश गर्ने, सामुदायिक वनको सक्रियता अभिवृद्धि गर्ने तथा गाउँपालिकामा स्थापित वन तथा वातावरण शाखामा आगामी आर्थिक वर्षमा बजेट विनियोजन गरी वन तथा वातावरणसँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्ने, जैविक संरक्षणका विषयमा वडा कार्यालय र सामुदायिक वन उपभोक्ता समूहबीच साझेदारीका कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता गरिएको उनले बताए ।

सामुदायिक वनको कार्ययोजना बनाउन डिभिजन वन कार्यालयबाट आवश्यक सहयोग गर्ने, नवीकरण हुन नसकेका सामुदायिक वनको नवीकरण गर्न वन कार्यालयबाट आर्थिक र प्राविधिक सहयोग गर्ने, सामुदायिक वन उभोक्ताको आर्थिक पारदर्शिता कायम गर्ने/गराउने र आ-आफ्नो सामुदायिक वन क्षेत्रमा वृक्षरोपण गर्नेलगायत विषयमा आठ बुँदे प्रतिबद्धता घोषणा भएको गाउँपालिकाकी उपाध्यक्ष थारुले जानकारी दिइन् ।

घोषणा कार्यक्रममा उपाध्यक्ष थारु, डिभिजन वन कार्यालयका डिभिजनल वन अधिकृत कर्ण, राप्तीसोनारी-७ का वडाध्यक्ष राम लखन थारुलगायतले जैविक विविधताको संरणक्षमा जोड दिएका थिए ।

सो अवसरमा राप्तीसोनारी-५, ६ र ७ मा गठित १० वटा सामुदायिक वन उपभोक्ता समितिले आफूले गरेका सिर्जनशील कार्यका बारेमा जानकारी गराएका थिए । साथै आगामी दिनमा प्रभावकारी कार्ययोजना कार्यान्वयनका लागि सुझाव संकलन गरी प्रस्तुत गरिएको थियो ।


## कालिका गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
बागमति प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति: २०८१/०१/२२)

यस कार्यालयबाट देहायको ठेक्काको लागि राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना प्रकाशन गरिएकोमा कार्यालयमा प्राप्त भएका बोलपत्रहरु मध्ये आर्थिक रुपले न्यूनतम कबोल गर्ने तपसिलको बोलपत्रदाताको बोलपत्र सारभूत रुपमा प्रभावग्राही भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) प्रयोजनार्थ बोलपत्र स्वीकृत सम्वन्धी आशयको सूचना सम्बन्धित सबै बोलत्रदाताहरुको जानकारीका लागि प्रकाशन गरिएको छ ।

तपशिल :

| क्र.स. | ठेक्का नं | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरिएको रकम (मु.अ. कर, पि.एस. र कन्टेजेन्सी बाहेक) |
|---|---|---|---|---|
| १. | KRM/NCB/CW/2080-081/5 | PHOHORMAILA PRASODHAN TATHA BYABASTHAPAN KARYA. | Galchhina Devi Nirman Sewa. Kalika -02, Rasuwa. | रु. ३०,१०,१०६।०० |

कृष्ण बहादुर के सी कुँवर
प्रमुख प्रशासकीय अधिकृत



## Samriddhi Finance — समृद्धि फाइनान्स कम्पनी लिमिटेड
## Samriddhi Finance Company Limited
Partnership for Prosperity

नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्था
**रजिष्टर्ड केन्द्रिय कार्यालय:** हेटौंडा १, मकवानपुर, फोन नं: ०५७-५२५१००/५२३२२९
E-mail: info@sfcl.com.np, Website: www.sfcl.com.np

### धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

### आ.व. २०८०/८१ को तेस्रो त्रैमासिक प्रतिवेदन

**(१) वित्तीय विवरण :**

(क) त्रैमासिक अवधिका वासलात, नाफा/नोक्सान सम्बन्धी विवरण :
आ.व. २०८०/८१ को तेस्रो त्रैमासिक अवधिको वित्तिय अवस्था सम्बन्धी विवरण मिति २०८१/१/१० को प्रभाव दैनिक पत्रिकामा प्रकाशित भैसकेको छ।

(ख) कम्पनी प्रमुख वित्तीय अनुपातहरू :

| | | | |
|---|---|---|---|
| प्रति शेयर आम्दानी वार्षिक: | रू. (११.३०) | प्रति शेयर कुल सम्पत्तिको मूल्य: | रू. ३३५.६२ |
| मूल्य आम्दानी अनुपात: | (२८.६७) | तरलता अनुपात: | ४२.१३ प्रतिशत |
| प्रति शेयर नेटवर्थ: | रू. ६९.३८ | | |

**(२) व्यवसायीक विश्लेषण**

(क) २०८० साल असाढ मसान्तको तुलनामा यस त्रैमास सम्म निक्षेपमा ६.१२ प्रतिशतले वृद्धि भएको, कर्जामा २.७९ प्रतिशतले कमी भएको र ४.५९ प्रतिशत रहेको निष्कृय कर्जा अनुपात १७.२३ प्रतिशत कायम भएको छ ।

(ख) विगतका अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्ने कुनै घटना अवस्था आदी नभएको ।

**(३) कानूनी कारवाही सम्वन्धी विवरण**

(क) संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरूद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर नभएको ।

(ख) कुनै संस्थापक वा सञ्चालक विरूद्ध आर्थिक अपराध गरेको सम्वन्धमा कुनै मुद्दा दायर नभएको ।

(ग) ऋण असुली सँग सम्बन्धित मुद्दाहरू अदालतमा विचाराधिन रहेको ।

**(४) संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण**

(क) यस संस्थाको शेयर मूल्य धितोपत्र बजारको नीति नियम अनुसार खुला बजारले निर्धारण गर्ने गरेको र सोही अनुसार नै कारोबार हुने गरेको छ ।

(ख) यस अवधिको शेयर कारोबार देहाय बमोजिम रहेको छ ।

शेयरको अधिकतम मूल्य : रू.३३६ — शेयरको न्यूनतम् मूल्य : रू. २९६
अन्तिम मूल्य : रू. ३२३.८० — कारोबार भएको कुल दिन : ५८
कारोबार संख्या : १२,३३३ — शेयर संख्या : २२,३८,८९२

**(५) समस्या तथा चुनौती**

संस्थालाई नेपालको वित्तीय बजारमा एक सबल वित्तीय संस्थामा परिणत गर्न विद्यमान मानव संसाधन तथा अन्य साधनहरूको यथोचित व्यवस्थापन गरी कूशलतापूर्वक अघि वढ्नु पर्ने स्थिति रहेको छ । यसका लागि आई पर्ने समस्या तथा चूनौती समाधानका उपायहरू बारे संस्थाले समय समयमा समीक्षा गरी रणनीती समेत बनाई सोको सहजिकरणको उपाय अबलम्बन गर्ने गरेको छ ।

**समस्या र चुनौती :**

- समग्र अर्थतन्त्रमा देखिएको नैरास्यता
- बैंक तथा वित्तिय संस्थाहरू बीच कायम तिब्र प्रतिस्पर्धा
- नीति नियममा हुने परिवर्तनले व्यवसायमा पर्ने अल्पकालिन तथा दिर्घकालिन प्रभाव
- शाखा सञ्जालमा कमि तथा दक्ष जनशक्तिहरूको अभाव
- कर्जा असुलीमा देखिएका चुनौतीहरू

विद्यमान चुनौती तथा आइपर्ने समस्या समाधानका उपायहरूबारे व्यवस्थापन तथा संचालक समितिले समय समयमा समिक्षा गरी रणनिति बनाई सोको निराकरणको उपाय अवलम्वन गरी सोहि अनुसार गरिएको छ ।

**(६) संस्थागत सुशासन :**

संस्थागत सुशासन अभिबृद्धिका लागि आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित र प्रभावकारी गर्न आन्तरिक लेखापरिक्षक मार्फत नियमित लेखापरिक्षण सम्पन्न भैरहेको तथा लेखापरिक्षकबाट दिइएका सुझाव तथा निर्देशनहरू व्यवस्थापन मार्फत कार्यान्वयन भई रहेको छ । संस्थामा अनुपालना विभाग गठन गरि नियमित रूपमा कार्यहरू भैरहेको छ । साथै गैर कार्यकारी संचालकको मातहतमा रहने गरी लेखा परिक्षण, जोखिम व्यवस्थापन, सम्पति शुद्धिकरण र कर्मचारी सेवा सुविधा जस्ता उपसमितिहरू गठन गरिएको छ । वित्तिय संस्थाको संचालन जोखिम कम गरी कारोवारलाई छिटो छरितो र वैज्ञानिक बनाउने उदेश्यले संचालक तथा व्यवस्थापक तहका विभिन्न समितिहरू गठन गरी कार्यान्वयन पक्षमा सुधार गरिएको छ । आन्तरिक सुशासन व्यवस्थापन गरी कर्मचारीको समग्र वृत्ति विकास र कार्यदक्षतालाई प्रभावकारी बनाउन उपसमिति गठन गरी आवश्यकता अनुसार कार्यहरू समिक्षा गर्ने व्यवस्था गरीएको छ । नेपाल राष्ट्र बैंकवाट समय समयमा प्राप्त निर्देशनलाई कडाईका साथ पालना गरिएको छ ।

**(७) सत्य तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरू सु-सूचित गर्न तथा निर्णय लिन आवश्यक पर्ने कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाईएका छैनन् ।

प्रमुख कार्यकारी अधिकृत



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : VERA CLEANING & MAINTENANCE
पूर्व स्वीकृति मिति: २०८१/०१/२१ — LT. No. 304039 — चलानी नं. ६०२०२२०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dry Clean Worker | 10 | 10 | 1000 | ३६,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Clean Worker | 10 | 15 | 1000 | ३६,५७० | | | | | | | |
| 3 | Labor Services | 15 | 0 | 1000 | ३६,५७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २९ गते (11th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले — सेवा शुल्क: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

VARSHA MANPOWER PVT. LTD.
(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)
श्रम इजाजत नं. ९५४/०६७/६८
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : QATAR STEEL INDUSTRIES FACTORY WLL
पूर्व स्वीकृति मिति २०७९/०२/२७ — पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२१ — LT. No. 264748 — चलानी नं. ६०१८०७८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 1 | 0 | 1000 | ३६,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २९ गते (11th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले — सेवा शुल्क: नि:शुल्क

MINAWA RECRUITMENT H.R. PVT LTD
Govt.Lic. No- 1168/073/074
Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | E:-minawarecruitment@gmail.com | w:-www.minawarecruitment.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : ECOOILS SDN.BHD.
पूर्व स्वीकृति मिति : २०८०/०१/१४ — पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२१ — LT. No. 285371 — चलानी नं. ६०२००७७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 3 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २९ गते (11th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले — सेवा शुल्क: नि:शुल्क

Mass Human Resource Pvt. Ltd.
(ISO Certified Ethical Recruitment Company)
Govt. License 938/067/068
SAMAKHUSI, KTM, Nepal, TEL: 4983088, 4955765, 9860684532, 9842381591



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAMI AND MOAZ ABDULRAHMAN AL-LUHAIDAN COMPANY FOR TRADING, CONTRACTING AND TRANSPORT
पूर्व स्वीकृति मिति २०८१/०१/२१ — LT. No. 304115 — चलानी नं. ६०२१८८९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 22 | 0 | 1800 | ६३,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : INTEGRATED FUEL COMPANY
पूर्व स्वीकृति मिति २०८०/०९/०४ — पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२१ — LT. No. 296740 — चलानी नं. ६०२११८११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Product Shorting Labour | 18 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ASMAA SAUD SAAD AL RASHIDI CONTRACTING COMPANY
पूर्व स्वीकृति मिति २०८०/१२/२७ — पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२१ — LT. No. 303244 — चलानी नं. ६०२१८०७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 3 | 0 | 1800 | ६३,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NAS MANPOWER COMPANY
पूर्व स्वीकृति मिति २०८१/०१/०७ — पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२१ — LT. No. 303614 — चलानी नं. ६०२१८३९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 50 | 0 | 1800 | ६३,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : RABOUA AL-SAMMAN CONTRACTING EST
पूर्व स्वीकृति मिति २०८०/१२/२० — पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२१ — LT. No. 302947 — चलानी नं. ६०२१७७८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Heavy Equipment | 8 | 0 | 2500 | ८८,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : RABOUA AL-SAMMAN CONTRACTING EST
पूर्व स्वीकृति मिति: २०८०/१२/१६ — पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२१ — LT. No. 302826 — चलानी नं. ६०२१७६०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Heavy Equipment | 5 | 0 | 2500 | ८८,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Truck Driver | 5 | 0 | 1800 | ६३,८९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २९ गते (11th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले — सेवा शुल्क: नि:शुल्क

Kapeel Manpower Pvt. Ltd.
श्रम इजाजत नं. १८५/०५७/०५८
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MONASTIC CLEANING & CONTRACTING WLL
पूर्व स्वीकृति मिति २०८०/१२/०६ — पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२१ — LT. No. 301901 — चलानी नं. ६०२१६८५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 0 | 22 | 1000 | ३६,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Receptionist | 0 | 1 | 1500 | ५४,५५५ | | | | | | | |
| 3 | Supervisior | 0 | 2 | 2500 | ९०,७३० | | | | | | | |

कम्पनी : CITIZEN CONTRACTING CLEANING AND SERVICES
पूर्व स्वीकृति मिति २०८०/०५/१३ — पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२१ — LT. No. 291780 — चलानी नं. ६०२०७०३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Business Executive | 11 | 0 | 2500 | ९०,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Data Analyzer | 1 | 0 | 4000 | १४५,४८० | | | | | | | |
| 3 | Data Entry | 9 | 22 | 1000 | ३६,३०० | | | | | | | |
| 4 | Foreman | 3 | 0 | 3000 | २१६,०५० | | | | | | | |
| 5 | General Clean Worker | 0 | 4 | 2500 | ९०,७३० | | | | | | | |
| 6 | Labour | 1 | 0 | 6000 | २१८,२२१ | | | | | | | |
| 7 | Manager Variety | 2 | 0 | 2000 | ७२,७४० | | | | | | | |
| 8 | Marketing Represent | 8 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 9 | Painter | 4 | 0 | 2500 | ९०,७३० | | | | | | | |
| 10 | Representative | 3 | 0 | 2000 | ९०,७३० | | | | | | | |
| 11 | Sales Supervisor | 4 | 0 | 1200 | ४३,९४० | | | | | | | |
| 12 | Salesman | 1 | 0 | 3500 | १२७,२९५ | | | | | | | |
| 13 | Supervisior | 0 | 2 | 1500 | ५४,५५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २९ गते (11th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले — सेवा शुल्क: नि:शुल्क

JALAJALA RECRUITMENT PVT.LTD
श्रम इजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
E-mail: jalajalarecru2017@gmail.com

# प्रभाव दैनिक

शनिबार २२, वैशाख २०८१ (Saturday, May 04, 2024)





## 'फर्की फर्की'को 'अन्तिम माया' सार्वजनिक

फिल्म 'फर्की फर्की'को नयाँ गीत 'अन्तिम माया' सार्वजनिक भएको छ । गायक, संगीतकार तथा गीतकार नरेन लिम्बुको सुपरहिट गीतलाई फिल्ममा समेटेको हो । स्रोताले निकै मन पराएको यो गीतको भिडियो भने बनेको थिए । फिल्म 'फर्की फर्की'को टिमले यसको भिडियो फिल्मको भाव अनुसार तयार पारेको छ । 'फर्की फर्की' सुयोग गुरूङको लेखन तथा निर्देशनमा तयार भएको फिल्म हो । गीतको भिडियोमा फिल्मका मुख्य कलाकार अनमोल केसी र जसिता गुरूङको प्रेम वियोग देखाइएको छ





# 'कलाकारिता मेरो नशा–नशामा छ'

■ प्रभाव संवाददाता

**काठमाडौं–** डिजिटल मिडियाले फड्को मारेसँगै पछिल्लो समय मोडलिङ क्षेत्र दिनानुदिन फैलिँदै गएको छ । कलाप्रेमीहरूका लागि यसको आकर्षण पनि उतिकै बढेको छ । त्यस्तै सफल कलाकार बन्ने चाहना लिएर मोडलिङ क्षेत्रमा आफ्नो क्यारियर बनाउन खोज्दै छन् - आरके शाही । सिन्धुली कमलामाई नगरपालिका ५ मा जन्मिएका उनी हाल काठमाडौंलाई कर्मथलो बनाउँदै आएका छन् ।

यतिबेला म्यूजिक भिडियो मार्फत आफ्नो तन-मन भित्रको कलाकारितालाई पोखिरहेका छन् । प्रमोद खरेल, शान्तिश्री परियार जस्ता नाम चलेका सुप्रसिद्ध गायक-गायिकाहरूको स्वर रहेको गीतमा काम गरिसकेका छन्  लामो समय सांगीतिक क्षेत्रकी हटकेक बनेकी मोडल अन्जली अधिकारीसँग नै पहिलो पटक स्क्रिन शेयर गरेका हुन् ।  ६ महिना अघि सार्वजनिक भएको 'जुरेली टुप्पैमा' बोलको म्यूजिक भिडियो नै उनको करिअरको पहिलो गीत हो । यस गीतका निर्देशक शिशिर बुढाथोकी र गायक राज शाहीले उनलाई पहिलो अवसर दिएका हुन् ।

आरके सानैदेखि नाच्न र अभिनय गर्न भनेपछि भुतुक्कै हुन्थे । राजेश हमाल, रमेश उप्रेती, शिव श्रेष्ठ लगायतका हिरोहरूले फिल्ममा बोल्ने 'डायलग' हरूलाई बारम्बार सुन्थे । आफू पनि त्यस्तै गर्ने प्रयास गर्थे । व्यक्तिगत र पारिवारीक कारणले कलाकारिता क्षेत्रमा आउन ढिला भएको उनको बुझाई छ । उनी भन्छन् - 'आउन मन त सानैमा थियो । केले छेक्यो त्यो थाहा छैन । ढिलै भएपनि रहरले आएको छु । अब यहि क्षेत्रका लागि केहि गर्नेछु भन्ने भावना जागेको छ ।' उनी अहिले आफ्नो लक्ष्यमा पुग्न परिश्रम गरिहेका छन् ।

यो छोटो समय आइपुग्दा उनले आधा दर्जन म्यूजिक भिडियोमा अभिनय गरिसकेका छन् । लोकप्रिय गायक प्रमोद खरेलको स्वर सजिएको गीत 'तिमीले मलाई पराई सोचे नि' उनको करिअरको दोस्रो गीत हो । गीतमा स्नेहा जोशी, शिशिर बुढाथोकी र दुर्गा बिरहीसँगै आरकेले अभिनय गरेका छन् । त्यसपछि उनले जनक लामा, उमेश श्रेष्ठ र सलिना मोक्तानको स्वर रहेको गीत 'जिन्दगी बगेको खोला हो' मा काम गरे ।

शिशिर बुढाथोकीले नै निर्देशन गरेको यस भिडियोमा भावना क्षेत्रीसँग उनले आफ्नो कला कौशल देखाएका हुन् । सांगीतिक यात्राकै क्रममा बिशााल निरौलाको स्वर रहेको 'हाँसोको पात्रो' मा पनि काम गर्ने अवसर पाए । जिबी अगरीको निर्देशनमा तयार भएको यस भिडियोमा लोकप्रिय अभिनेत्री तथा मोडल अनु शाहको साथमा आरकेलाई देख्न सकिन्छ । 'मेरो साथी कलौटे' उनले अभिनय गरेको पछिल्लो म्यूजिक भिडियो हो । दुर्गा बिरहीको शब्द, संगीत र स्वर समेत रहेको यस गीतको भिडियोमा 'कलौटे' नामले चिनिएका तेजेन्द्र परियार र सरिश्मा मगरले उनलाई अभिनयमा साथ दिएका छन् ।

अझै थुप्रै म्यूजिक भिडियो आउने क्रममा छन् । आगामी यात्राका लागि निकै उत्साहित पनि छन् । चाँडै नै अभिनेत्री शिल्पा पोखरेलसँग अनस्क्रिन शेयर गरेको 'पिपलपाते ओठ' आउँदैछ । उनी भन्छन्- मेरो सानैदेखीको इच्छा हो मोडलिङ । सिक्दैजानेछु ,मेहनत गर्नेछु यहि क्षेत्रलाई निरन्तरता दिन्छु । मेरो मेहनत एवं सबैको सुझाब र प्रेरणाले एकदिन यो क्षेत्रमा पनि सफल हुने विश्वास लिएको छु ।'

सुगठित र आकर्षक जीउडाल भएका आरके हँसिला र रसिला छन् । उनी एक व्यवसायी पनि हुन् । व्यवसायलाई पनि उनले कलालाई नै जोडेका छन् । राजधानीको कोटेश्वरमा 'चिनो रोधी' घर सञ्चालन गर्दै आएका छन् ।

त्यस्तै कमलामाई गेष्ट हाउस र सिन्धुलीगढी खाजा घर सञ्चालन गरेर उनले थुप्रैलाई रोजगारी पनि दिएका छन् । आफ्नो अभिनय, नृत्य र कलालाइ अझै निखारता ल्याउँदै मोडलिङ तथा कलाक्षेत्रमा स्थापित हुन चाहन्छन् । उनले घरपरिवारको पनि साथ पाएका छन् । साथीभाईको पनि उस्तै सहयोग रहेको छ । अब मोडलिङको माध्यमबाट देश, विदेशमा रहेका सबै नेपालीको पनि साथ पाउने र एकदिन सफल कलाकार बन्नेमा विश्वस्त छन् ।

# फिल्म निर्देशन गर्दै प्रकाश सपुत

■ प्रभाव संवाददाता



**काठमाडौं–** गायक तथा अभिनेता प्रकाश सपुत फिल्म निर्देशन गर्ने भएका छन् । उनले आफ्नो लेखन तथा निर्माण रहने गरेर एक फिल्मको तयारी गरेका छन् । जसमा निर्देशनको अलवा अभिनय समेत उनकै रहनेछ ।

फिल्मको लेखन सकेर अहिले कलाकार छनौटको चरणमा रहेको सपुतले बताए । आइतबारसम्म फिल्मको नाम र कलाकार फाइल हुने उने जानकारी दिए ।

'परदेशी-२' बाट नेपाली फिल्म अभिनयमा प्रवेश गरेका सपुतले फिल्मका लागि टिजर समेत तयार पारिसकेका छन् । फिल्मको नायिकाको लागि अभिनेत्री स्वस्तिमा खड्का कुराकानी भैरहेको छ । स्वस्तिमा र प्रकाशले यसअघि एउटा गीतको भिडियोमा सहकार्य गरेका थिए । उनीहरू ठुलो पर्दामा पनि सहकार्य हुन सक्ने सम्भावना रहेको छ । प्रकाशले केही अगाडि फिल्म 'पूर्ण बहादुरको सारङ्गी' पनि साइन गरेका थिए ।

# मोफसल यात्रामा 'खजुरे ब्रो'

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैशाख २८ गतेदेखि सार्वजनिक प्रदर्शनमा आउन लागेको फिल्म 'खजुरे ब्रो' युनिट अहिले मोफसल यात्रामा छ । फिल्मको प्रचार गर्ने उद्देश्यले बुधबार बिहान मोफसल यात्रामा निस्किएको टिमले बुधबार साँझ चितवनको नारायणघाट र बिहीबार बिहान बुटवलमा पत्रकार भेटघाट गर्दै फिल्म बिभिन्न पक्षको जानकारी दिएको छ ।

मोफसल यात्रामा फिल्मका कलाकार रेअर राई, महेश त्रिपाठी, निर्माता कलाकार नवीन मानन्धर, अभिनेत्री विनिता थापा लगायत सहभागी छन् । कार्यक्रममा फिल्मको मुख्य पात्र 'खजुरे' को भूमिकामा देखिएका कलाकार रेअर राईले फिल्ममा खजुर पात्र सहरमा भविष्यलाई सोच्ने हैन अहिलेको वर्तमानमा कसरी जीवन जिउन सकिन्छ भन्ने कुरालाई कमेडी शैलीले प्रस्तुत गरेको बताए ।

अभिनेता महेश त्रिपाठीले फिल्मको कथा फरक भएकोले आफू फिल्मसँग जोडिएको बताए । फिल्मले दर्शकलाई केही नयाँ र भिन्न अनुभूति दिने उनको धारणा रहेको छ ।  कलाकार तथा निर्माता नवीन मानन्धरले फिल्ममा सहकारीको ठगीको विषय साथै हामीले सधैं देख्दै र सुन्दै आएको घटनाहरूलाई देखाउन खोजिएको जानकारी दिए । उनले चलचित्र सफल हुने आफू विश्वस्त रहेको धारणा राखे ।

दिव्य दृश्य इन्टरटेन्मेन्टले मान्द्रो प्रोडक्सन तथा मल्टी प्रपोज प्रालिसँगको सहकार्यमा निर्माण भएको फिल्मको निर्माता नविन मानन्धर तथा सुरज सुनुवार हुन् । सुनील श्रेष्ठ, अनिल मानन्धर र पिकेश मानन्धर सह-निर्माता रहेको फिल्ममा डायमण्ड उप्रेती कार्यकारी निर्माता रहेका छन् । शिशिर विशंखेको छायाङ्कन, मित्र डि गुरुङको सम्पादक र अनमोल गुरुङको संगीत रहेको फिल्मलाई रोहित रत्नको आरआर फिल्मस्ले वितरण गर्दैछ ।



# नेपाल र वेस्ट इन्डिज 'ए'बीच अन्तिम खेल आज




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालले वेस्ट इन्डिज 'ए' सँग टी-२० सिरिजको पाँचौं खेल आज (शनिबार) खेल्दैछ । यसअघि नै सिरिज गुमाइसकेको नेपालले अन्तिम खेलमा जित हात पार्दै सिरिजको सुखद अन्त्य गर्ने लक्ष्यमा रहेको छ । विश्वकप खेल्नका लागि अमेरिका जानुअघि घरेलु मैदानमा अन्तिम खेल खेल्न लागेको नेपालले विश्वकपका लागि १५ सदस्यीय टिम घोषणा गरिसकेको छ ।

यो खेल कीर्तिपुरस्थित त्रिवि अन्तर ाष्ट्रिय क्रिकेट मैदानमा दिउँसो सवा १२ बजे सुरु हुनेछ । यसअघि अघिल्लो शनिबार भएको पहिलो खेलमा चार विकेटको शानदार जित निकालेको नेपाल दोस्रो खेलमा आइतबार १० रनले पराजित भएको थियो । भने त्यसपछिका तिनवटै खेलमा पराजय भोगेको थियो । नेपालले आजको खेलमा विश्वकपमा छनोट भएका १५ सदस्यमध्ये यसअघि बिहीबार खेलाइएको टिममा नपरेका खेलाडीहरूलाई मौका दिने सम्भावना रहेको छ ।

# आलोक र सैनिक विजयी

■ प्रभाव संवाददाता

**काठमाडौं–** आलोक विद्याश्रम स्कुल र सैनिक आवासीय महाविद्यालयले जयकुमार नाथ शाह स्मृति यू-१६ टी-२० अन्तरविद्यालय क्रिकेट प्रतियोगितामा जित हासिल गरेका छन् । शुक्रबार सम्पन्न खेलमा आलोकले ग्लालेक्सी पब्लिक स्कुल र सैनिक आवासीयले रेडियन्ट रिडर्स स्कुललाई पराजित गरेको हो ।

दिनको पहिलो खेलमा आलोककले ग्यालेक्सीलाई ५ विकेटले पराजित गर्‍यो । ग्यालेक्सीले दिएको ९६ रनको लक्ष्य आलोकले १८.३ ओभरमा ५ विकेट गुमाउँदै पूरा गर्‍यो । आलोकका रायन शेर्पाले सर्वाधिक ३१ रन बनाए । यस्तै, सूर्य थापा र अवेसम थापामगरले ११/११ रन बनाए । ग्यालेक्सीक रुद्राक्ष शर्माले २ विकेट लिए । यस्तै, आतिफ खान र सुजित नेपालले १/१ विकेट लिए । त्यसअघि ब्याटिङ गरेको ग्यालेक्सीले १५.५ ओभरमा सबै विकेट गुमाउँदै ९५ रनको बनाएको थियो । ग्यालेक्सीका लागि रुद्राक्ष शर्माले सर्वाधिक २३ रन बनाए । स्वीकृत रिजाल र आतिफ खानले १९/१९ रन बनाए । आलोकका रायन शेर्पा, अवेसम थापामगर र काश्यप अधिकारीले ३/३ विकेट लिए ।

अर्को खेलमा सैनिक आवासीयले रेडियन्ट रिडर्स स्कुललाई १० विकटले पराजित गर्‍यो । रेडयन्टले दिएको ९० रनको लक्ष्य सैनिकले १० ओभरमा कुनै विकेट नगुमाई ९१ रन बनायो । सैनिकका रमन गुरुङले अर्धशतक प्रहर गरे । यस्तै, राजदीप आचार्यले २७ रन बनाए । त्यसअघि ब्याटिङ गरेको रेडियन्टले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै ८९ रन बनायो ।

# नेपाली फुटबल टोली लण्डनमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** इंग्ल्यान्ड र नेपालबिच मे ६ तारिख हुन गइरहेको ऐतिहासिक फुटबल खेलका लागि नेपाली राष्ट्रिय फुटबल टोली बिहीबार लन्डन पुगेको छ ।अल्डरसट टाउन फुटबल क्लब स्टेडियममा हुने मैत्रीपूर्ण खेलमा भाग लिन नेपाली राष्ट्रिय फुटबल टीमका कप्तान किरणकुमार लिम्बूसहितको टोली बेलायत पुगेका हुन् ।

उनीहरूलाई स्वागत गर्न लन्डनस्थित नेपाली दूतावासका पदाधिकारी र स्थानीय नेपाली समुदायका अभियन्ताहरू विमानस्थल पुगेका थिए ।

लन्डन दूतावासका सेकेन्ड सेक्रेटरी रामबाबु नेपाल, समाजसेवी व्यवसायी रविन्द्रजंग लामिछाने, एनआरएनए यूके पूर्व अध्यक्ष सूर्य गुरुङ, इंग्ल्यान्डसँगको खेलका लागि नेपाली समुदायका तर्फबाट संयोजक कमल कोने गुरुङ, टिकट संयोजक दिलरास गुरुङलगायतले विमानस्थल पुगेर खेलाडीलाई स्वागत गरेका थिए ।

लन्डनसँग खेल्न पाउनु ऐतिहासिक अवसर भएको र यसबाट नयाँ अनुभव प्राप्त गर्ने अवसर मिल्ने नेपाली टोलीका कप्तान किरणकुमार लिम्बूले बताए । आफूहरू निकै उत्साहित भएको र हौसला दिन सम्पूर्ण नेपाली समुदायलाई उनले आग्रह गरेका छन् । टीमका प्रशिक्षक भिन्सेन्जो अल्बर्टो अनेजीले नेपाली खेलाडी पूर्ण तयारीमा रहेको बताउँदै यसले ठुलो आत्मविश्वास प्रदान गर्ने जनाए ।

सोमबार अपरान्ह अल्डरसट टाउन फुटबल क्लबको इबीबी स्टेडियममा इंग्ल्याण्ड सीसंग ऐतिहासिक खेल खेल्न खेलाडी, प्रशिक्षक र व्यवस्थापकीय टीमसहित नेपालबाट जम्मा ३० जनाको टोली बेलायत पुगेको छ । खेल हेर्न करिब ५ हजार दर्शक जम्मा हुने आयोजकले बताएका छन् । नेपाली खेलाडीहरू मे ७ मा नेपाल फर्किने योजना छ ।


**UAE मा रोजगार** AL TANMYAH SERVICES (L.L.C.), DUBAI पुनः विज्ञापन
पुर्व स्विकृति मितिः 2024/02/01 चलानी नं. ६०२१४१९६ LT No.299277

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | कामदारको न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब N. Rs. | ओभर टाईम सूबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सूबिधा | बस्ने सुबिधा | करार अवधी | लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 10 | 0 | काममा दक्ष | 1100 | 39974 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष | नि:शुल्क |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टयाम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | कामदार आफैंले | रु.१५०० कामदार आफैंले |

**अन्तरवार्ताः मेनपावर कार्यालय, काठमाडौंमाः २०८१ बैशाख २९ गते (11 May 2024) हुनेछ।**

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला ।

**TALENT OVERSEAS SERVICE PVT. LTD.**
Gaushala-9, Ktm., Lic. No. 704/064/065 Ph No.: 01-5915744



**युएईमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : PARAGON EMPLOYMENT SERVICES LLC
पुर्व स्वीकृति मिति २०८१/०१/२१ LT No.304225 चलानी नं. ६०२१८९५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 300 | 0 | 800 | २९,०७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : GULF CONTRACTORS COMPANY LLC
पुर्व स्वीकृति मिति २०८१/०१/२१ LT No.304216 चलानी नं. ६०२१८९५२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labourer | 25 | 0 | 800 | २९,०७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख २९ गते (11th May 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**INTERPID RECRUITMENT SERVICES PVT. LTD**
Sinamangal-9, Kathmandu, Tel: + 977-1-4560530/4560531
Mail: info@interpidhr.com, Web: www.interpidhr.com,
Rudin Dahal: 9842749866
Permission No. 1676/080/081
INTREPID LEARN ADAPT EVOLVE

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १३५४०० | प्रति तोला – १३४७५० | प्रति तोला – १६४५ |



**ग्रामीण सडक** | तनहुँको घिरिङ गाउँपालिका–४ मा कालोपत्र भएको सडक । गण्डकी प्रदेश सरकारको गौरवको आयोजनाअन्तर्गत मानपुरदेखि ढेडगाउँ जोड्ने सडकको ११ किलोमिटर दूरीमा कालोपत्र भइरहेको हो । *तस्बिर: सानेबहादुर नेपाली/रासस*

# ‘कसैको स्वार्थपूर्ति हुनेगरी करका दर हेरफेर हुँदैन’

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री वर्षमान पुनले आगामी आर्थिक वर्ष २०८१/८२ बजेटमार्फत् आवश्यकता र औचित्यका आधारमा करका दर हेरफेर गरिने बताएका छन् । अर्थमन्त्री पुनले करका दर हेरफर गर्नुपरे कसैको दबाब र स्वार्थपूर्ति नहुने गरी विवादरहित ढङ्गले हेरफेर गरिनेसमेत बताए ।

अर्थमन्त्रालयमा आयोजित युवा उद्यमी तथा सूचना प्रविधि क्षेत्रका विज्ञसँगको पूर्वबजेट छलफलका क्रममा अर्थमन्त्री पुनले करका दर हेरफेरमा कसैको दबाब वा स्वार्थपूर्ति हुने गरी काम नगर्ने प्रतिबद्धता जनाए । राजस्वका दरहरू हेरफेर गर्दा सरोकारवालाहरूसँग परामर्श गरी आएका सुझावका आधारमा निर्णयमा पुगिने उनको भनाइ थियो ।

‘विगतमा करका दर घटाउने, बढाउने, विस्तार गर्ने, छुट दिने वा जे गर्दा पनि अर्थमन्त्री वा अर्थ मन्त्रालयलाई विवादमा पार्ने गरिएको छ’, मन्त्री पुनले भने, ‘मन्त्रीको व्यक्तिगत इच्छामा वा निकटताका अधारमा कसैलाई प्रोत्साहन गर्न र कसैलाई कमजोर बनाउन करका दरमा हेरफेर हुँदैन । यो हाम्रो प्रतिबद्धता हो ।’ करका दर संशोधन गर्दा पहिले कति थियो र आर्थिक ऐनमार्फत् किन बढाइयो वा घटाइयो भनेर तर्कपूर्ण कारण देखाएरमात्र हेरफेर गरिने उनको स्पष्टोक्ति थियो ।



त्यस्तै, मुलुकको भू-अवस्थिति, प्राकृतिक श्रोत र जनशक्तिका आधारमा विकासका योजना बनाउने सरकारको नीति रहेको अर्थमन्त्री पुनले बताए । सरकारको नीति र नीतिगत निरन्तरताका कारण पर्यटन, ऊर्जा र सिमेन्ट उद्योगमा नेपालमा पछिल्लो डेढ दशकमा राम्रो प्रगति भएको उल्लेख गर्दै अर्थमन्त्री पुनले युवा वर्गलाई लक्षित गरी सरकारले आगामी दिनमा सूचना प्रविधि क्षेत्र, स्टार्टअप र नवप्रवर्तनलाई प्राथमिकतामा राख्नेसमेत बताए ।

पछिल्लो तीन दशकमा नेपालको सरदर आर्थिक वृद्धिदर चार दशमलव २३ प्रतिशतमात्र रहेको भन्दै उनले न्यून आर्थिक वृद्धिदर हासिल हुनुका कारण सबै मिलेर खोज्नुपर्ने बताए । तेस्रो लगानी सम्मेलनको पूर्वसन्ध्यामा सरकारले ल्याएको अध्यादेशमा नेपालमा लगानी गरेर आर्जन गरेको प्रतिफल बाहिर लैजान र बाहिर आर्जन गरेको प्रतिफल नेपाल ल्याउन दिने व्यवस्था गरिएको अर्थमन्त्री पुनको भनाइ छ ।

आगामी आर्थिक वर्षको बजोटमाथि सुझाव लिन मन्त्रालयले यसअघि पूर्वअर्थमन्त्रीहरू, नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर, पूर्वअर्थसचिव, पूर्वधार, स्वास्थ्य र शिक्षा क्षेत्रका विज्ञसँग छलफल गरिसकेको छ । मन्त्रालयले निजी क्षेत्रका छाता संस्था नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, चेम्बर अफ कमर्स र महिला उद्यमीसँग पनि छिट्टै छलफल गर्ने तय भएको अर्थमन्त्री पुनको सचिवालयले जनाएको छ ।

# अत्यावश्यक इन्टरनेट सेवा अवरुद्ध गरिए कारबाही हुन्छ : प्राधिकरण

**काठमाडौं (प्रस)–** नेपाल दूरसञ्चार प्राधिकरणले अत्यावश्यक इन्टरनेट सेवा अवरुद्ध गर्ने सेवा प्रदायकलाई कारबाही गरिने जनाएको छ । प्राधिकरणले एक विज्ञप्ति जारी गर्दै बिहीबार केही इन्टरनेट सेवा प्रदायकहरूको इन्टरनेट सेवा अवरुद्ध भएको सम्बन्धमा प्राधिकरणको गम्भीर ध्यानाकर्षण भएको र विद्यमान कानुनको उल्लङ्घन हुनेगरी अत्यावश्यक इन्टरनेट सेवा अवरुद्ध गरेमा कारबाही गरिने जनाएको हो ।

प्राधिकरणबाट गरिएको अनुगमन तथा निरीक्षणबाट केही सेवा प्रदायकको सेवा अवरुद्ध भएको पुष्टि भएको र तत्काल प्राधिकरणबाट लिइएको पहलकदमी तथा सरोकारवालाहरूबाट भएको सहयोग एवं समन्वयले केही समयभित्र नै इन्टरनेट सेवा पुनः सञ्चालनमा आएको प्राधिकरणले जनाएको छ ।

विभिन्न इन्टरनेट सेवा प्रदायक कम्पनीहरूले ग्रामीण दूरसञ्चार विकास कोषको बक्यौता रकम नबुझाएका कारण सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र दूरसञ्चार प्राधिकरणले उनीहरूलाई विदेशी मुद्रा सहटी तथा भुक्तानी सिफारिस रोक्दै आएका छन् । यस्तो मुद्रा सहटी तथा भुक्तानी सुविधा नपाएका कारण ब्याण्डविथको शुल्क तिर्न नसकेको सेवा प्रदायकहरूको गुनासो छ । तर प्राधिकरणले भने ग्रामीण दूरसञ्चार विकास कोषको बक्यौता नतिरेसम्म मुद्रा सटही सुविधा दिन नमिल्ने स्पष्ट पारेको छ ।

‘सेवा प्रदायकहरूले सेवा प्रदान गरे वापत दूरसञ्चार ऐन, २०५३ को दफा ३२ र दूरसञ्चार नियमावली, २०५४ को नियम २६ बमोजिम कूल वार्षिक आम्दानीमा चार प्रतिशत रोयल्टी र नेपाल दूरसञ्चार प्राधिकरण (ग्रामीण दूरसञ्चार विकास कोष) विनियमावली, २०६८ को विनियम ५(१) बमोजिम दुई प्रतिशत ग्रामीण दूरसञ्चार विकास कोष रकम बुझाउनुपर्ने व्यवस्था रहेकोमा धेरैजसो सेवा प्रदायकहरूले नियमानुसार तिर्नु बुझाउनुपर्ने रकम भुक्तान गरी निर्वाध रूपमा प्राधिकरणबाट विदेशी मुद्रा सिफारिस लगायतका सहजीकरणका सुविधा लिइरहेको अवस्था रहेको छ’, प्राधिकरणले भनेको छ, ‘तर सीमित सेवा प्रदायकहरूले वर्षौंदेखि प्राधिकरणबाट बक्यौता भुक्तानीको लागि स्पष्ट गरी बारम्बार ताकेता गर्दासमेत नियमानुसार बुझाउनुपर्ने बाँकी बक्यौता रकम विभिन्न बहाना गरी हालसम्म भुक्तानी नभएको अवस्थामा दूरसञ्चार उपकरण आयात तथा विदेशी मुद्रा सटही सिफारिससम्बन्धी (कार्यविधि) विनियमावली, २०७६ को ४(घ) बमोजिम विदेशी मुद्रा सिफारिस गर्न मिल्ने देखिँदैन ।’

# हरेक पालिकामा औद्योगिक ग्राम बनाइने

**काठमाडौं (प्रस)–** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले हरेक पालिकामा एउटा औद्योगिक ग्राम विकास गर्ने वर्तमान सरकारको नीति रहेको बताएका छन् ।

अछामको कमलबजार नगरपालिका-६ स्थित कातइत्यानी हात्तीबास शैक्षिक एवम् ज्ञानविज्ञान धार्मिक महामहोत्सवको उद्घाटन गर्दै उनले तीनै तहका सरकारको समन्वयमा उत्पादनको वर्गीकरण गरेर औद्योगिक ग्राम बनाइने बताए । सरकारले उत्पादन र रोजगारीवृद्धि गर्ने नीति अख्तियार गरेको उल्लेख गर्दै उनले उद्योग मन्त्रालयले उद्यमशीलतामा जोड दिएको बताए । मन्त्री भण्डारीले नेपालमा रहेका थुप्रै खनिज तथा खानी उत्खनन गर्न मन्त्रालयले नीतिगत सुधारलाई प्राथमिकतामा राखेर काम गरिरहेको समेत बताए ।

त्यसैगरी चालु आवमा पूँजीगत बजेट खर्च बढाउन नसक्दा त्यसले मुलुकलाई समृद्धिको लक्ष्यमा अगाडि बढाउन केही समस्या भएको उनको भनाइ थियो । ‘विविध कारणले पूँजीगत खर्च बढाउन सकिएको छैन । त्यसले समृद्धिको यात्रामा असर गरेको हामीले महसुस गरेका छौँ’, मन्त्री भण्डारीले भने, ‘आगामी दिनमा थप सुधार हुने अपेक्षासहित हामीले काम गरिरहेका छौँ ।’

# विषादीको प्रयोग घटाउन कृषक पाठशाला

■ प्रभाव संवाददाता

**म्याग्दी–** कृषकलाई रासायनिक विषादी र मलको विकल्पमा प्रांगारिक विधिबाट खेती गर्ने ज्ञान प्रदान गर्न यस वर्ष म्याग्दीका आठ ठाउँमा एकीकृत शत्रुजीव व्यवस्थापन (आइपिएम) कृषक पाठशाला सञ्चालन भएको छ । बेनी नगरपालिकाले पाँच, कृषि ज्ञान केन्द्रले दुई र बाली संरक्षण प्रयोगशाला पोखराले एउटा कृषक समूहमार्फत पाठशाला सञ्चालन गरेका हुन् । आइपिएम सहजकर्ता सोवित शर्माले १८ हप्ताका लागि गोलभेँडा, आलु र काँक्रो खेतीमा आइपिएम कृषक पाठशाला सञ्चालन गरिएको जानकारी दिए ।

‘कृषकलाई मित्र र शत्रुजीव पहिचान गर्न सिकाएर स्थानीयरूपमा उपलब्ध जैविक विषादी र मलको प्रयोगमार्फत स्वच्छ फसल उत्पादन गर्ने उद्देश्यले पाठशाला सञ्चालन गरेका छौँ’, उनले भने, ‘हरेक समूहका कृषकलाई हप्ताको एक दिन चार घण्टाका दरले प्राविधिक र व्यवहारिक ज्ञान प्रदान गरिरहेका छौँ ।’

शर्माका अनुसार प्रयोगात्मक अभ्यासका लागि एक रोपनी जमिनमा चार वटा पल्ट (ड्याङ) बनाएर फरक तरिकाले फरक जातको काक्रो, आलु र गोलभेँडाको सामुहिक खेती गरिएको छ । बेनी-१ अर्जममा बाली संरक्षण प्रयोगशालाको सहयोगमा गोलभेँडा खेतीका लागि आयोजना भएको आइपिएम



पाठशालामा २९ जना कृषक सहभागी भएका उनले जानकारी दिए ।

कृषि ज्ञान केन्द्रको सहयोगमा बेनी-२ को बगरफाँटमा काँक्रो र मङ्गला गाउँपालिका-२ तोराखेतमा आलु खेतीका लागि सञ्चालन भएको पाठशालामा २५/२५ कृषक सहभागी भएका छन् । बेनी-३ भकिम्लीको भकुभुकेमा स्वर्गाश्रम, वडा नं ५ को बगुवाखोला, वडा नं ९ तोरीपानी र वडा १० नं पाल्लेखेतमा आलु खेतीका लागि उक्त पाठशाला सञ्चालन गरिएको छ ।

ती सबै पाठशालामा कम्तीमा २५ जनाका दरले कृषक सहभागी भएका आइपिएम सहजकर्ता शर्माको भनाइ छ । बेनी-६ जामुनाखर्कमा आलु बालीमा पाठशाला सञ्चालन भएको छ ।

बेनी-१ अर्जमको देउराली आइपिएम कृषक समूहका अध्यक्ष तुलसी थापाले स्थानीयस्तरमा उपलब्ध प्राङ्गारिक मल, गाइभैँसीको मुत्र र जैविक विषादीको प्रयोगबाट रोगकिरा पहिचान तथा व्यवस्थापन गर्न पाठशाला सञ्चालन गरिएको बताए ।

‘तितेपाती, असुरो, खरानी, गाइभैँसीको मुत्रको प्रयोगबाट खेतीबालीमा लाग्ने रोग तथा किरा नियन्त्रण गरी स्वच्छ फसल उत्पादन बढाउनेबारे सैद्धान्तिक र व्यवहारिक ज्ञान हासिल गरेका छौँ’, उनले भने, ‘रासायनिक मल र विषादीका लागि हुने लगानी तथा स्वास्थ्यमा पर्ने असर न्यूनीकरणका लागि प्रांगारिक खेती गर्न थालेका छौँ ।’

‘खेतीबालीमा शत्रुजीव मात्र हुँदैन, मित्रजीव पनि हुन्छन् भन्ने ज्ञानको कमी छ । कुन जिव मित्र र शत्रु हो भन्ने पहिचान नगरी जथाभावी विषादी प्रयोग गर्दा बेफाइदा गर्ने भएकाले शत्रु जीवलाई जैविक विषादीबाट नष्ट गर्ने ज्ञान, सीप पाठशालाबाट पाएका छौँ’, कृषक सुन्दर थापामगरले भने ।

पाठशालामा कृषकलाई भेला गराएर सैद्धान्तिक विषयमा अभिमुखीकरणका साथै प्रयोगात्मक अभ्यास गराइएको आइपिएम सहजकर्ता क्षेत्रबहादुर कटुवालले बताए । ‘आइपिएम, परम्परागत र प्रदर्शनी विधिबाट फरक जातका बिरुवा रोपेका छौँ’, उनले भने, ‘परम्परागत तुलनामा आइपिएम विधिबाट खेती गर्दा धेरै उत्पादन लिन सकिने देखिएको छ ।’

गत आर्थिक वर्षमा बेनी-१ उपल्लाचौर, वडा नं २ को भकुण्डेचौर, वडा नं ६ को छाप र वडा नं ४ को सिङ्गामा सञ्चालन भएको आइपिएम कृषक पाठशाला प्रभावकारी बनेको थियो । बेनी-१ की कृषक सावित्री थापाले रासायनिक विषादी र मलको प्रयोग घटाइ प्रांगारिक मल र जैविक विषादीबाट स्वच्छ कृषिउपज उत्पादन गर्न थालिएको बताए । एउटा पाठशाला सञ्चालन गर्न रु एक लाख ५० हजारका दरले बजेट विनियोजन गरिएको नगरपालिका कार्यालयले जनाएको छ ।


## बालमैत्री वातावरण बनाऔं

**बालबालिकालाई:**

- सजिलै खोलेर खान सक्ने पानीको बोतल र टिफिन बक्स दिऔं,
- विद्यालय जाँदा आउँदा छोड्ने र लिने स्थानको जानकारी गराऔं,
- खाने तरिका र अनावश्यक वस्तुहरू डस्टबिनमा फाल्न सिकाऔं,
- लगाउन र फुकाल्न सजिलो हुने लुगा एवं जुत्ता दिऔं,
- सहज शौचालयको व्यवस्था गरौं,
- अभिभावक वाहेक अन्यले लिन जाने भए विद्यालयलाई जानकारी दिऔं,
- अकस्मात केही पर्दा सम्पर्कका लागि कम्तीमा दुईवटा टेलिफोन नम्बर विद्यालयलाई उपलब्ध गराऔं,
- बालबालिकाले प्रयोग गर्ने सामानमा नाम लेख्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक


**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्णबहादुर कार्की, **सम्पादक**: विष्णु तामाङ